मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ८२ ★ ने. सं. ११४४ चौला थ्व, षष्ठी ★ आइतबार ★ २ वैशाख, २०८१ ★ April 14, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



दक्षिण अमेरिकी देश भेनेजुयलामा आगामी जुलाई २८ का दिन सम्पन्न हुने राष्ट्रपति निर्वाचनको प्रचारको क्रममा आफ्ना समर्थक जनताका बिचमा वर्तमान भेनेजुयाली राष्ट्रपति तथा बोलिभारियाली क्रान्तिका नेता निकोलस माडुरो र प्रथम महिला सिलिया सा चेज अप्रिल १३, २०२४ का दिन । कैयौं कठिनाइ हुँदाहुँदै पनि एकीकृत भेनेजुयाली समाजवादी पार्टी र नेता माडुरोले दिवङ्गत कमान्डर ह्युगो चाभेजले दिशानिर्देश गरेको ल्याटिन अमेरिकी राष्ट्रहरूको एकतासहित बोलिभारियाली क्रान्तिकारी प्रक्रियालाई निरन्तरता दिने घोषणा गरेका छन् ।

*तस्बिर : टेलेसुर*

# नेपाल–भारत सीमास्तम्भ हराउने क्रम रोकिएन




राँझा (बाँके), १ वैशाख । बाँकेका नदीनाला क्षेत्रमा रहेका १६ वटा नेपाल–भारत सीमास्तम्भ हराएका छन् ।

बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा नाकाअन्तर्गत पाँच मुख्य र ११ सहायक गरी १६ सीमास्तम्भ हराइरहेको सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बल बागेश्वरी गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगीले जानकारी दिनुभयो ।

“नदीनाला क्षेत्रमा रहेका पिल्लर हराएका छन् । अन्य केही जीर्ण अवस्थामा छन्”, सशस्त्र प्रहरी उपरीक्षक डाँगीले भन्नुभयो । उहाँले भन्नुभयो, “हराएका पिल्लर प्राय: राप्ती नदी आसपासका छन्, बाढीले बगाएका ती पिल्लर पुन:निर्माण हुन नसकेको हो ।”

नरैनापुर–१ हुलासपुर्वास्थित सीमास्तम्भ जीर्ण भई भत्किने अवस्थामा छ । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा क्षेत्रमा ३२ मुख्य र दुई सय ७९ सहायक गरी तीन सय ११ सीमास्तम्भ छन् । कुनै पनि सीमास्तम्भको मर्मत र रंगरोगन गर्नको लागि नेपाल – भारत दुवै देशको संयुक्त प्रतिनिधित्व चाहिन्छ । सीमास्तम्भ नदीनालाले बगाएको वा ढलेको भए दुई देशको नापी विभागको संयुक्त टोलीबिना केही गर्न नपाइने भएकोले सशस्त्र प्रहरी बलले सीमास्तम्भको नियमित अनुगमन गरी सम्बन्धित निकायमा पठाउने गरेको प्रहरी उपरीक्षक डाँगीको भनाइ छ ।

दुई देशको संयुक्त निर्णयमा केही महिनाअघि सशस्त्र प्रहरीले ७१ सीमास्तम्भ रङरोगन गरेको छ । सन् २०१४ यता बनेका एक सय ४० सीमास्तम्भमध्ये नेपालले बिजोर नम्बर र भारतले जोर नम्बर भएका सीमास्तम्भ रङरोगन गरेका छन् । दुई देशको संयुक्त टोलीले फाइनल गर्न बाँकी एक सय ७१ सीमास्तम्भको मर्मत र रङरोगन हुन नसक्दा जीर्ण बनेका छन् ।

बाँकेको सीमा क्षेत्रमा भौतिक पूर्वाधार र आवश्यक जनशक्ति नहुँदा नेपालतर्फ सशस्त्र प्रहरीले सीमामा बाक्लो उपस्थिति जनाउन सकेको छैन । पैसठ्ठी किलोमिटरमा सशस्त्र प्रहरीले १० बोर्डर आउट पोष्ट (बीओपी) राखेर सुरक्षा दिइरहेको छ । भारततर्फ भने २३ बीओपी रहेका छन् । नेपालतर्फ जानकी गाउँपालिकाको साइगाउँमा एउटा बीओपी थप्ने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# समाजवादी र पुँजीवादी व्यवहार !

उत्पादनका साधन र सेवाहरूको सामाजिकीकरण (राष्ट्रियकरण) पछि समाज वर्गविहीन अवस्थातिर उन्मुख हुन्छ । समाजका सबै सदस्यहरूको निम्ति उच्च शिक्षाको ढोकासमेत खुल्ने हुँदा कामदारवर्गका छोराछोरीहरूले उच्च शिक्षा हासिल गर्नेछन् र आ–आफ्नो दक्षताअनुसार आ–आफ्ना विषयका क्षेत्रमा सक्रिय हुनेछन् ।

तर, पुँजीपतिवर्गबाट आएका नयाँ पुस्तामा आत्मकेन्द्रित भावना, व्यक्तिगत महत्त्वाकाङ्क्षा र समुदायमा व्यक्तिगत प्रधानताको आतुरता हुन्छ । त्यस्तै गरिब परिवार र समुदायबाट आएका कति नयाँ पुस्तामा हीनताबोधका साथै सामूहिकता र व्यक्तिगत महत्त्वाकाङ्क्षा कम देखिनेछन् । पछि परेको समुदायकै परिवारबाट आएका भए पनि आर्थिकरूपले अगाडि बढेको निम्न पुँजीपतिवर्गबाट आएका नयाँ पुस्तासँग पुँजीवादी भावना वा आत्मकेन्द्रित भावना कायम रहने गर्छ ।

यसकारण, समतावादी विचारका पक्षपाती संस्था वा राजनैतिक दलहरूका नयाँ पुस्तामा समेत पुरानो समाजको पातलो प्रभाव परेको हुन्छ । यसकारण समतावादी वा साम्यवादी दृष्टिकोण बोकेका संस्था वा राजनैतिक दलहरू तलका नियमलाई जोड दिने गर्छन्–

१) आफूलाई आफ्नो संस्था वा पार्टीप्रति समर्पित गर्नेछन् ।
२) छलफलमा पूर्ण प्रजातन्त्र हुन्छ, पुरानो धनी र गरिब वा सामाजिकरूपले तल्लो र ठुलो जातको भेद गर्दैनन् ।
३) हरेक दिन छलफलबाट वा फरक मतको बेला बहुमतको निर्णयलाई मान्नेछन् ।
४) समान तहमा अति समानतावादले कहिलेकाहीँ निर्णय अघि बढ्न नसक्ने हुन्छ र माथिल्लो तहको निर्णय पर्खनुपर्ने हुन्छ ।
५) तल्लो तह माथिल्लो तहको निर्देशन र मातहतमा चल्ने हुन्छ ।

तर, समाजवादी समाजमा समेत नयाँ पुस्तामा पुँजीवादी संस्कारले काम गर्ने हुँदा बैठक नै नगरी महत्त्वपूर्ण निर्णय पनि आफैले गर्ने र समितिका अन्य सदस्यहरूलाई चानचुन सम्झने प्रवृत्ति कायम हुन्छ । त्यस प्रवृत्तिलाई आलोचनाबाट समाधान गर्न सकिएन भने आर्थिकरूपले अगाडि बढेको नयाँ पुस्ताले आफ्ना समान सदस्यहरूलाई तुच्छ सम्झने, हेप्ने र आफ्नै निर्णय लागु गर्ने जिद्दी गर्नेछ । समयमा आलोचना भएन भने त्यो प्रवृत्तिले बल प्राप्त गर्दै जानेछ, संस्था र सङ्गठनमा विभाजन ल्याउनेछ । त्यस महत्त्वाकाङ्क्षी सदस्यलाई वर्ग शत्रुले छिट्टै आफ्नो हातमा लिनेछ । यसरी सुरुको सानो कमजोरीले व्यक्ति र संस्थाको ठुलो अहित गर्नेछ ।

समाजवादी समाजमा पनि अनेक वर्गीय, जातीय, प्रादेशिक, धार्मिक र अन्य साम्प्रदायिक भावनामाथि प्रतिगामी पक्षहरूले खेल्ने अवसर पाउनेछन् ।

त्यसको परिणाम आफू कुनै विषयमा ठूलो भन्ने भावना वा ‘म धनी हुँ’ र ‘म शारीरिकरूपले बलियो छु’, ‘मैले धेरै शैक्षिक प्रमाणपत्र हासिल गरेको छु’ भनी समूह र समाजलाई थर्काउने वा भित्रभित्र भाँजो हाल्ने कामबाट समाज, संस्था र राजनैतिक दलका समितिहरूलाई पनि संवेदनशील बनाउनैपर्छ । अन्यथा गलत प्रवृत्ति धारकले आत्मआलोचना नगरेमा वा आफ्ना गल्तीको अनुभव

**बाँकी पृष्ठ ८ मा**




भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

युवा उद्यमशीलता प्रवर्द्धन ऋण सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८०।१२।२७ गते

आ.व २०८०/८१ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिकरूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिकाका, युवा उद्यमशिलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासी युवाहरूले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकामा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र,
३. निवेदक र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारको दुई जनाको सहमति (सम्भव भएसम्म)
५. व्यवसाय दर्ता प्रमाणपत्र




नयाँ वर्ष वैशाख १ गते भक्तपुरको योसिंखेलमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घद्वारा आयोजित पुस्तक प्रदर्शनी तथा बिक्रीवितरण स्टलमा पुस्तक तथा नयाँ वर्षको भित्तेपात्रो बिक्री गर्दै विद्यार्थी कार्यकर्ताहरू ।

*तस्बिर : मजदुर दैनिक*

# न्यायालय सुधारमा प्रगति : उपलब्धि सन्तोषप्रद

**- कालिका खड्का**

काठमाडौँ, १ वैशाख । वर्ष २०८० मा भएका न्यायालय सुधारका प्रयासले गति लिएको तथा मुद्दा फछ्र्योटलाई आधार बनाउँदा उपलब्धि सन्तोषजनक मान्न सकिन्छ ।

सर्वोच्च अदालतले पाँच वर्ष नाघेका मुद्दालाई आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्ममा शून्यमा झार्ने लक्ष्यका साथ मुद्दा फछ्र्योटको कामलाई तीव्रता दिएको छ । पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या बढ्दै गएपछि मुद्दा किनारा लगाउन 'विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना, २०७९ कार्यान्वयन ल्याएपछि मुद्दा फछ्र्योटमा तीव्रता आएको हो । यो २०७९ साउन १ गतेदेखि लागु भएको थियो ।

सर्वोच्च अदालतका रजिष्ट्रार विमल पौडेलले भन्नुभयो, "अदालतमा थुप्रिएका पुराना र नयाँ मुद्दालाई चाँडो छिनाफाना गर्न अतिरिक्त समय काम गर्ने, समयमा इजलास बस्ने गरेको छ । अब दैनिक १० वटा इजलास बस्दा योजनाअनुरूप मुद्दा फछ्र्योटमा सहयोग पुग्छ, रिक्त न्यायाधीश पूर्तिसँगै मुद्दा फछ्र्योटमा तीव्ररूपमा भइरहेको छ ।" सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ । हाल प्रधानन्यायाधीशसहित १९ जना न्यायाधीश कार्यरत हुनुहुन्छ ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुसार मुद्दा शीघ्र फछ्र्योटका गर्न तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पुराना मुद्दालाई चाँडो फछ्र्योट गर्न न्यायाधीश तीलप्रसाद श्रेष्ठको संयोजकत्वमा एउटा समिति गठन गर्नुभएको थियो । उक्त समितिमा तत्कालीन नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बार एशोसिएसनका तत्कालीन अध्यक्ष पूर्णमान शाक्य हुनुहुन्थ्यो । त्यो समितिले कार्ययोजना बनाई लागु गरेको थियो ।

उक्त कार्ययोजनामा निर्धारित समय ११ बजे इजलास बस्ने र पूरा समय बस्ने परिपाटी अपनाउने तथा सम्बन्धित सरकारी वकिल र कानुन व्यवसायी पनि निर्धारित समयमा इजलासमा उपस्थित हुनुपर्ने उल्लेख गरिएको थियो । उक्त कार्ययोजनाअनुसार सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतमा काम भइरहेको छ ।

कार्ययोजना लागु भएपछि मुद्दा फछ्र्योटमा राम्रो सफलता प्राप्त भएको छ । विसं २०८० मा पाँच वर्ष नाघेका मुद्दा दुई हजार आठ सय ८१ थान फछ्र्योट भएको छ । कुला ६ हजार छ सय ६२ मुद्दामा तीन हजार सात सय ८१ मुद्दा फछ्र्योट गर्न बाँकी छ ।

पुराना मुद्दालाई चाँडो छिनाफाना गर्ने कार्ययोजनाअनुसार सर्वोच्चदेखि उच्च र जिल्ला अदालतमा न्यायाधीशहरू रिक्त हुँदा सोचेअनुरूप मुद्दा हुन सकेको थिएन । यस वर्ष तीनै तहका अदालतमा न्यायाधीश नियुक्ति भएपछि न्यायसम्पादनमा गति आएको छ । उच्च अदालतममा एक सय ६० दरबन्दी रहेकामा एक सय ५२ न्यायाधीश हुनुहुन्छ । एक मुख्य न्यायाधीशसहित सात न्यायाधीशको पद रिक्त छ । जिल्ला अदालतमा दुई सय ८७ दरबन्दीमध्ये दुई सय ४२ न्यायाधीश कार्यरत हुनुहुन्छ । त्रिचालिस जिल्ला अदालतमा पदपूर्ति हुन बाँकी छ ।

न्यायपरिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीका अनुसार परिषद्ले उजुरीउपर उल्लेख्य सुधार गरेको छ । उजुरीउपर छानबिन गरी कारबाहीको प्रक्रिया अघि बढाएको छ । प्रवक्ता क्षेत्रीले भन्नुभयो, "परिषद्मा परेका २०७९ सम्मको उजुरी छानबिन सकिएको छ, तीन सय ३७ उजुरीमा यो वर्ष एक सय १७ उजुरीको छानबिन भएको छ । न्यायिक सुधारका लागि परिषद्ले निरन्तर काम गरिरहेको छ ।"

न्यायालयमा लामो समय न्यायाधीश नियुक्ति हुन नसक्दा मुद्दा फछ्र्योटमा ढिलाइ भएको थियो । पदपूर्तिसँगै न्यायलयले मुद्दा फछ्र्योटमा राम्रो लय लिएको छ । रजिष्ट्रार पौडेलले भन्नुभयो, "मुद्दा फछ्र्योटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ । कानुनको शासनको प्रवर्द्धन तथा नागरिकको हकको संरक्षक न्यायालयले प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।"

सर्वोच्च अदालतमा २०८० साल चैत ३० गते सम्मको लगत फछ्र्योटलाई विश्लेषण गर्दा ११ हजार आठ मुद्दा फछ्र्योट भएका छन् । जिम्मेवारी सरेका २८ हजार एक सय २९ र सोही वर्ष परेको गरी नौ हजार दुई सय ६६ गरी ३७ हजार तीन सय ५९ छन्भने सर्वोच्च अदालतमा २६ हजार तीन सय ७८ मुद्दा बाँकी छन् । सर्वोच्च अदालतमा दुई वर्ष नाघेका मुद्दा १८ हजार सात सय ८१ मध्ये पाँच हजार तीन सय १९ फछ्र्योट भएका छन् ।

**न्यायालय सुधारको कार्की प्रतिवेदन फूलकोर्टले पारित गर्नुपर्ने**

नेपाल कानुन व्यवसायी परिषद्का पार्षद् तथा वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीलाई न्यायापालिकाका विकृति पूर्णरूपमा अन्त्य गर्नुपर्छ भन्ने लाग्छ । नेपाल बार एसोसिसन र सर्वोच्च बार एसोसिएसनले न्यायालयको सुधारका लागि लामो समय आन्दोलन गरेको थियो । उहाँले भन्नुभयो, "न्यायालयको सुधारका लागि न्यायाधीश हरिकृष्ण कार्कीले बनाएको प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठक ( फूल कोर्ट) ले पारित गर्नुपर्छ, त्यसपछि विसङ्गति हट्छ भन्ने सम्पूर्ण कानुन व्यवसायीको माग हो । त्यही मागबमोजिम तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसद्मा महाअभियोग लाग्यो, हाल अहिले न्यायालयमा धेरै सुधार भएको छ ।"

वरिष्ठ अधिवक्ता ज्ञवालीका अनुसार वर्तमान अवस्थामा न्यायालयले लिएको गति सकारात्मक छ । मुद्दा फछ्र्योटमा पनि प्रगति भएको छ । वर्तमान प्रधानन्यायाधीशले कार्यभार सम्हालेपछि मुद्दा व्यवस्थापनमा स्वचालित प्रणाली लागु भयो । यो सकारात्मक पक्ष हो । उहाँकै नेतृत्वमा न्याय परिषद् नियमावली, २०७४ को ( पहिलो संशोधन, २०८०) भयो । त्यो संशोधन अविलम्ब खारेज गर्न माग भइरहेको छ । वरिष्ठ अधिवक्ता ज्ञवालीले भन्नुभयो, "न्याय परिषद्बाट नियमावली पारित भयो, त्यहीअनुसार लागु भयो र न्यायपालिकामा विचलन आयो । १०औँ वर्ष काम गरेका न्यायाधीशभन्दा रजिष्ट्रार, मुख्य रजिष्ट्रारबाट न्यायाधीश नियुक्ति गर्दा ज्येष्ठता वा वरिष्ठता हुने व्यवस्था गरियो, त्यो गलत हो । त्यो अविलम्ब खारेज गर्नुपर्छ ।" न्यायापालिकाले नै संविधानको कार्यान्वयन गराउने भएको हुनाले संविधानसँग बाझिएका मुद्दाहरू अदालतमा आउँदा जतिसक्दो छिटो फैसला हुनुपर्ने उहाँको ठहर छ ।

**परिषद्को संशोधित नियमावली खारेज हुनुपर्ने**

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) तत्काल खारेज गर्नुपर्ने माग गर्नुभएको छ । अध्यक्ष घिमिरेले भन्नुभयो, "न्यायालय विचौलियाबाट प्रभावित भएको छैन, जुन सकारात्मक हो । वर्तमान प्रधानन्यायाधीश आएपछि न्यायपरिषद्ले नियमावली जारी गऱ्यो, यसले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशमा विभाजन भएको छ, निरासा बढेको छ, त्यो अविलम्ब खारेज होस्, मैले पटकपटक न्यायालयको नेतृत्वलाई भनेको छु, तर सुनुवाइ भएको छैन ।" न्यायाधीशको मर्यादाक्रम, सेवासर्त संविधानमा भएको व्यवस्थालाई न्याय परिषद् आफैँले नियमावली परिवर्तन गरेको र छलफलका लागि बारले बोलाउँदा नआएकोप्रति उहाँको गम्भीर आपत्ति छ ।

**गोला प्रक्रियाबाट पेसी निर्धारण**

न्यायालयको इतिहासमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रणालीको अन्त्य गर्दै २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी निर्धारण गर्न थालिएको हो । प्रधानन्यायाधीशको चाहनाअनुसारको इजलासमा मुद्दा तोक्ने प्रवृत्तिको अन्त्यलगायत विकृति घट्ने अपेक्षाका साथ यो प्रक्रिया प्रारम्भ गरिएको हो ।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले न्यायालय सुधारका लागि अटोमेसन (स्वचालित प्रणाली) बाट पेसी तोक्न सुझावसहितको प्रतिवेदन दिएको थियो । सोही प्रतिवेदनअनुसार गोला प्रक्रियाबाट पेसी तोक्न थालिएको हो । सुरुमा सर्वोच्च अदालतमा गरिएको अभ्यासअनुसार अहिले उच्च र जिल्लामा पनि गोला प्रक्रियाबाट नै पेसी तोकिने व्यवस्था छ । न्यायिक सुशासनका लागि यसलाई महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ ।

**सर्वोच्च र उच्च अदालत स्वचालित पेसी**

न्यायिक सुशासनका लागि सर्वोच्च अदालतमा र उच्च अदालतमा स्वचालित पेसी व्यवस्थापन प्रणाली प्रारम्भ गरिएको छ ।

सर्वोच्च अदालतमा गत भदौ ११ गतेदेखि र उच्च अदालतहरूमा पुस ८ गतेदेखि लागु गरिएको छ । न्यायालयले जिल्ला अदालतमा पनि उक्त प्रणाली लागु गर्न अध्ययन गरिरहेको जनाएको छ । अदालतलाई पूर्णरूपमा प्रविधिमन्त्री बनाउँदा सहजरूपमा सेवाग्राहीले सेवा पाउने, सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढाउन उक्त प्रणाली अपनाइएको हो ।

**सर्वोच्चसहित छ उच्च अदालमा 'भर्चुअल' सुनुवाइ**

सर्वोच्च अदालतमा कोभिड-१९ को महामारीका बेला भर्चुअल (श्रव्यदृश्यका माध्यमबाट) सुनुवाइ थालियो । उच्च अदालतमा दीपायल, इलाम, जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौँडामा यसलाई निरन्तरता दिइएको छ ।

**३८ लाख मुद्दा 'डिजिटलाइजेसन' गरिँदै**

देशभरका अदालतमा ३८ लाखका मुद्दाका मिसिल छन् । तिनलाई सम्बन्धित जिल्लाबाटै 'स्क्यान' गरेर डिटलाइजेसन थालिएको छ । सर्वोच्च अदालतको सूचना प्रविधि महाशाखाका प्रबन्धक गौरीनाथ कोइरालाले अदालतको अभिलेखालयमा रहेका मिसिल डिजिटलाइजेसन थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हालसम्म जिल्ला र उच्च अदालतका ९० हजार मिसिल स्क्यान भइसकेका छन्, जिल्लाका अभिलेख शाखाबाट काम भइरहेको छ । सबै जिल्ला, उच्च अदालतमा यो प्रारम्भ भएको छ, अब सर्वोच्चमा पनि शीघ्र सुरु हुन्छ, यो प्रक्रियाबाट मुद्दाको नम्बर भएपछि जुनसुकै जिल्लाको मुद्दा जहाँ पनि हेर्न सकिन्छ ।" ***रासस***

# कर्मचारीहरू इमानदार र कर्तव्यनिष्ठ हुनुपर्ने

भक्तपुर, १ वैशाख । पर्यटक सूचना तथा सेवा केन्द्र भक्तपुर नगरपालिकाका कर्मचारीहरूबिच नव वर्षको अवसरमा शुभकामना तथा चियापान कार्यक्रम भयो ।

भेलामा नेपाल कर्मचारी समाजका अध्यक्ष एवम् नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले पर्यटन क्षेत्रका कर्मचारीहरू देशको इतिहास, राजनीति, अर्थशास्त्रलगायत कला, संस्कृति र सम्पदाबारे शिक्षित र सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले देश रहे कर्मचारीहरूको रोजगारीको ग्यारेन्टी हुने भएकोले कर्मचारीहरू इमानदार, कर्तव्यनिष्ठका साथै देशको सार्वभौमिकता रक्षा गर्ने विषयमा सधैँ सचेत रहनुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रमार्फत भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, कला, संस्कृति र सम्पदाबाट जनताको सेवा गरिरहेको उल्लेख गर्दै उहाँले विभिन्न भाषा र सीपहरूको तालिम दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका पर्यटन अधिकृत शरद खत्रीले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न पर्यटन क्षेत्रमा काम गर्ने कर्मचारीहरूको व्यवहार सभ्य र सुसंस्कृत हुनुपर्ने बताउनुभयो ।

अर्का पर्यटन अधिकृत राजेश्वरानन्द जोशीले पर्यटकहरूलाई पाहुनाको रूपमा व्यवहार गर्नुको साथै सार्वभौमिकतामा आँच आउने गतिविधि गर्ने पर्यटकहरूबाट सजग हुनुका साथै सम्बन्धित निकायमा समयमा नै सूचना पुऱ्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पर्यटन सहायक मुरज दिदिया, विकास प्रजापति, हरिकृष्ण दुवाल, ओमप्रसाद धौभडेल, बाबुकाजी श्रेष्ठ, पञ्चरत्न सैंजु, रोशन कोजु र कमल कुम्पाखले पर्यटन गतिविधिबारे जानकारी दिँदै शुभकामना व्यक्त गर्नुभएको थियो ।

# तीन सर्जकका तीन कृति लोकार्पण

भक्तपुर, १ वैशाख : वरिष्ठ संस्कृतिविद् तथा साहित्यकार तेजेश्वरबाबु ग्वंगसहित तीन सर्जकद्वारा लिखित तीन पुस्तक सार्वजनिक गरिएको छ ।

नयाँ वर्ष २०८१ सालको अवसर पारेर एकै साथ साहित्यकार ग्वंगद्वारा लिखित 'संस्कृतिका आयाम' निबन्ध सङ्ग्रह, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेतीद्वारा लेखिएको 'भिन्नभिन्न ताल र सुरका झङ्कारहरू' निबन्ध सङ्ग्रह तथा साहित्यकार तथा पत्रकार जीतेन्द्र रसिकद्वारा लिखित र 'युगको तेज' ( वरिष्ठ संस्कृतिविद् तथा निबन्धकार तेजेश्वरबाबु ग्वंग:को जीवनी) सार्वजनिक गरिएको हो ।

समी साहित्य प्रतिष्ठानले सूर्यविनायकमा आयोजना गरेको तीन पुस्तक विमोचन कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँला, प्रतिष्ठानका अध्यक्ष प्रदीप नेपाललगायत पुस्तकका लेखकले संयुक्तरूपमा कृति लोकार्पण गर्नुभयो ।

कार्यक्रममा पूर्वकुलपति काइँलाले तिनै सर्जकको कृतिले नेपाली वाङ्मय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । लेखक तथा वरिष्ठ संस्कृतिविद् ग्वंग:ले लेखन र जीवनको अर्थबोधबारे चर्चा गर्नुभएको थियो । लेखक तथा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेतीले आफूले लेखन कार्यलाई निरन्तरता दिएको बताउनुहुँदै निकट भविष्यमा आ□नो जेल जीवनको संस्मरण प्रकाशित गर्ने बताउनुभयो ।

त्यस्तै लेखक जीतेन्द्र रसिकले तेजेश्वरबाबु ग्वंग: अधिक चेतनाको खानी भएको र जीवनी कृति यो युगको एक दस्तावेज भएको चर्चा गर्नुभयो । कार्यक्रममा प्रा. डा. कुमार कोइराला, गीता त्रिपाठी र साहित्यकार गोपीकृष्ण ढुङ्गानाले तीनवटै पुस्तकको समीक्षा गर्नुभएको थियो ।

प्रतिष्ठानका कार्यकारी प्रमुख डोलिन्द्रप्रसाद शर्माले नेपाली भाषा, साहित्य, कला, संस्कृति, सम्पदा क्षेत्रका कृति प्रकाशन गरी प्रतिष्ठानले नेपाली वाङ्मयमा योगदान दिन सक्रिय भएको बताउनुभयो । उहाँले 'समी साहित्य साधना सम्मान' लगायतका सम्मान तथा पुरस्कार पनि छिट्टै घोषणा हुने बताउनुभयो ।

# मध्य तमोरको बिजुली कोसी करिडोरमा जोडियो

ताप्लेजुङ, १ वैशाख । त्रिहत्तर मेगावाट क्षमताको मध्य तमोर जलविद्युत् आयोजनाबाट उत्पादन भएको बिजुली कोसी करिडोर प्रसारण लाइनमा जोडिएको छ ।

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङको उपस्थितिमा शुक्रबार आयोजनाबाट उत्पादित विद्युत् कोसी करिडोर प्रसारण लाइनमा सफलतापूर्वक प्रवाह गरिएको हो ।

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडद्वारा निर्मित आयोजनाले अबका १५ दिन परीक्षण उत्पादन र त्यसपछि व्यावसायिक उत्पादन गर्ने जनाएको छ । आयोजनाका प्रबन्धक मणिराज पोखरेलका अनुसार आयोजनाका चार वटा टर्बाइनमध्ये एउटाबाट उत्पादित विद्युत् तेऱ्हथुमको वसन्तपुरस्थित कोसी करिडोरको प्रसारण लाइनमा जोडिएको हो ।

अब केही दिनमै पूर्णरूपले मध्य तमोर जलविद्युत् आयोजनाद्वारा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा समाहित हुने प्रबन्धक पोखरेलले बताउनुभयो ।

प्रबन्ध निर्देशक घिसिङले यो सँगै देशमा विद्युत् जडित क्षमता तीन हजार तीन सय मेगावाट पुगेको बताउँदै यसले विद्युत् आपूर्तिमा ठुलो राहत पुग्ने बताउनुभयो । देशको अर्थतन्त्रको मेरुदण्ड भनेकै जलविद्युत् हो भन्दै उहाँले विद्युत् आयोजनामा सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोजनाबाट सुक्खा याममा २५ देखि ३० मेगावाटसम्म विद्युत् उत्पादन हुने बताइएको छ । फुङलिङ नगरपालिकास्थित फुरुम्बूको मित्लुङ नजिक ५० मिटर लामो र ११ मिटर अग्लो बाँध निर्माण गरी तीन हजार चार सय मिटर लामो सुरुङबाट खोक्लिङको थुम्बाबेँसीमा निर्मित विद्युत्गृहमा जल प्रवाह गरेर बिजुली निकालिएको हो ।

हास्य कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यसहित नेपाल विद्युत् प्राधिकरणको टोली परीक्षण प्रसारण अवलोकनका लागि यहाँ आएको थियो । ***रासस***

# कालीगण्डकी करिडोर : बेनी–जोमसोम–कोरला खण्डमा ४८ किलोमिटर कालोपत्र

म्याग्दी, १ वैशाख । दक्षिणमा भारत र उत्तरमा चीनको सिमानासँग जोडिने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला खण्डमा ४८ किलोमिटर सडक कालोपत्र भएको छ ।

भारतको सिमानामा रहेको त्रिवेणी र चीनको कोरला नाकालाई जोड्ने चार सय ३५ किमी लामो कालीगण्डकी करिडोर सडक राष्ट्रिय गौरवको आयोजना हो । गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको यो सडक पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिक विकासका लागि महत्त्वपूर्ण मानिएको छ ।

पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङको कोरला नाकासम्मको दुई सय दुई किमी सडक स्तरोन्नति र त्यसमा पर्ने खोलामा पुल निर्माण गर्न २०७४ देखि आयोजना सुरु भएको हो । चौध वटा खण्डमध्ये हालसम्म आठ खण्डमा निर्माण सकिएको योजनाको २०८० चैत मसान्तसम्मको भौतिक प्रगति ७८ प्रतिशत पुगेको आयोजना प्रमुख ध्रुवकुमार भाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "६ वटा खण्डमा ८५ किमी ग्राभेल र ४८ किमी सडक कालोपत्र भएको छ । यस सडकमा १३ वटा पक्की पुल र तीन वटा बेलिब्रिज निर्माण भएको छ । छ ठाउँमा मोटरेबल पुल निर्माणाधीन छन् ।"

मुस्ताङको कैकु–खन्ती खण्डमा १६ किमी, खन्ती–टुकुचे–मार्फा खण्डमा नौ किमी आक्सफाल्ट प्रविधिको कालोपत्र भएको छ । मुस्ताङको घाँसा–कैकुखोला खण्डमा दुई किमी, म्याग्दीको तिप्ल्याङ–तातोपानी खण्डमा छ किमी, बेनी–गलेश्वर खण्डमा चार किमी र गलेश्वर–बेगखोला खण्डमा तीन किमी डिबिएसडी प्रविधिको कालोपत्र भएको हो ।

मुस्ताङको जोमसोम बजार, काग्बेनि र मालढुङ्गा–बेनी खण्डको विभिन्न ठाउँमा तीन किमी बढी सडक ढलान भएको छ । मालढुङ्गा–बेनी सडकको मालढुङ्गा–लस्ती खण्डमा छ किमी, बेगखोला–तिप्ल्याङ खण्डमा दुई किमी र पोखरेबगर–तातोपानी खण्डमा एक किमी कालोपत्रको तयारी भएको छ । तेन्ह किमी दूरीको जोमसोम–कागबेनी, तातोपानी–घाँसा खण्डमा छ किमी, मार्फा–जोमसोम खण्डमा छ किमी सडक पनि चालु आर्थिक वर्षभित्र नै कालोपत्र गर्न निर्माण व्यवसायीलाई ताकेता गरिएको आयोजनाका सूचना अधिकारी विष्णु चापागाईले बताउनुभयो ।

कुल रु. १० अर्ब लागत अनुमान गरिएको आयोजनाको हालसम्म करिब रु. सात अर्ब खर्च भएको जनाइएको छ । **रासस**

# नयाँ वर्षमा बन्दीपुरमा सडक खाना महोत्सव सुरु

दमौली (तनहुँ), १ वैशाख (रासस) । नेपाली नयाँ वर्षको अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा शुक्रबारदेखि सडक खाना महोत्सव सुरु भएको छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ, तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर इकाइ र रेवान तनहुँको संयुक्त आयोजनामा सडक खाना महोत्सव सुरु भएको हो । महोत्सव वैशाख २० गतेसम्म सञ्चालन हुनेछ ।

नयाँ वर्षलाई जिल्लाभित्रै बसेर स्वागत गर्न र बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने प्रमुख लक्ष्यसहित सडक खाना महोत्सव आयोजना गरिएको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले बताउनुभयो ।

सडक खाना महोत्सवका अवसरमा विविध जातजातिका सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ । मगर, नेवार, गुरुङ, ब्राम्हणलगायत अन्य जातजातिका सांस्कृतिक नाचलाई सडक खाना महोत्सवमा समावेश गरिएको प्रधानको भनाइ छ ।

आन्तरिक पर्यटकको अलवा बन्दीपुरमा विदेशी पर्यटकको पनि उत्तिकै भीड हुन्छ । यहाँ विशेषगरी चिनियाँ पर्यटकको सङ्ख्या बढी छ । नेपाल आएका अधिकांश पर्यटक एक रात बस्नका लागि बन्दीपुर आउने गरेका छन् ।

यसवर्ष बन्दीपुरमा २६ देशबाट पर्यटक आएको तथ्याङ्क छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्यान्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्यान्ड, ताइवान, स्वीटजरल्यान्ड, मलेसिया, होल्यान्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएको जनाइएको छ ।

बन्दीपुरमा आयोजना हुने सडक खाना महोत्सवले यहाँको पर्यटनमा टेवा मिल्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो । बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेपछि पर्यटकलाई थप सहज भएको छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाका अनुसार गन्तव्यबारे जानकारीहरू नेपाली, अङ्ग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ ।

बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्म पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक–फरक भाषामा तयार भएको छ ।

सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जोकसैको मन लोभिने गर्दछ ।

बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना–ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालन छन् ।



**पर्यटकको भारी बोक्दै भरिया**
अन्नपूर्ण पदमार्गमा आउने पर्यटकको भारी बोकेर मनाङको नासो गाउँपालिका–१ नियालोघारी हुँदै थोराङलातर्फ जाँदै भरिया । २५ देखि ३० किलोको भारी बोकेबापत पर्यटकले दिनको १० देखि १२ डलर दिने उनीहरू बताउँछन् । तस्बिर: नवीन लामिछाने/रासस

# प्रवासमा निःशुल्क सङ्गीत कक्षा, उत्पादन नेपालमै

**– भेषराज कार्की**

काठमाडौं, १ वैशाख । नेपाली साङ्गीतिक कार्यक्रममार्फत कला र संस्कृतिको विस्तार र प्रवर्द्धनका लागि पछिल्लो समय विश्वभर नै कार्यक्रम हुने गरेको छ । ती कार्यक्रमको प्रभावकारिताका बारेमा चर्चा पनि त्यत्तिकै हुने गरेको सुनिन्छ । तर, गायक तथा सङ्गीतकार केशव पौडेलको विषय भने योभन्दा फरक छ । उहाँले अमेरिकामै कैयौं नेपाली विद्यार्थीलाई निःशुल्क सङ्गीत पढाइरहनुभएको छ ।

"गीतसङ्गीत त भइहाल्यो, यो नेपाली भाषा सिकाउने उद्देश्य पनि हो । हामीले कक्षामा अङ्ग्रेजी बोल्न दिदैनौं । यसले नेपाली भाषामा नयाँ पुस्तालाई अभ्यस्त बनाउँछ भन्ने हाम्रो अपेक्षा पनि छ । विगतमा नेपाली भाषाके लागि त्यहाँ आइपुग्नेले अहिले गीत, सङ्गीतमै आफ्नो भविष्य देख्न थालिसकेका छन् । यो हाम्रा लागि ठूलो खुसीको कुरा पनि हो," गायक पौडेलले भन्नुभयो ।

अमेरिकाको ओहायो सहरमा उहाँले गीतसङ्गीतको कक्षा सञ्चालन गरिरहनुभएको छ भने उहाँका अरु साथीहरूले नृत्य र यससँगै भाषाको पनि कक्षा सञ्चालन गरिरहनुभएको छ ।

उहाँका अनुसार सात सहरमा रहेका यस्ता कक्षाले नेपालीलाई आकर्षित पनि गरिरहेको छ । सात वर्षका बालबालिकादेखि ६० वर्ष उमेरसम्मका नेपालीहरू कक्षामा सहभागी छन् । उनीहरूले समय व्यवस्थापन गरेका छन् र निकै चाखसित नेपाली गीतसङ्गीतमा रमाएका छन् ।

गीतसङ्गीत मन नपराउने मानिस कमै होलान् । अधिकांशलाई त गीत गाउने, बाजा बजाउने सोख नै हुन्छ, जुन स्वाभाविक पनि हो । अमेरिकास्थित संस्था इन्ट्रा फाउन्डेसनको व्यवस्थापनमा ओहायोमा रहेका नेपालीको यो सङ्गीत कक्षा हेर्दा सहभागीहरू नेपालमा अधुरा रहेका सपना अमेरिकामा पूरा गर्ने अवसरका लागि तल्लीन देखिन्छन् । यहाँ समय नभएर या आर्थिक आदि कारणले आफ्नो गीतसङ्गीतको भोक मेटाउन नसकेकाहरूले अहिले यसमा लागिपरेका छन्, भन्नुहुन्छ पौडेल ।

"प्रवासमा आएर आफ्नो सपना पूरा गर्ने काममा अगाडि बढ्न पाउँदा सहभागीहरू खुसी मात्र हुनुहुन्न, उहाँहरू यस क्षेत्रको भविष्य पनि देख्ने गर्नुभएको छ । यी कक्षाका विद्यार्थीले गीतसङ्गीतमा आफूहरू लाग्ने तयारी नै थाल्नुभएको छ । म पनि प्रवासमा आएर आफ्नै पेसाको काममा लाग्न पाउँदा उहाँहरूभन्दा कम खुसी छैन, निकै नै उत्साहित छु," गायक पौडेलले भन्नुभयो ।

नेपालमा आफ्ना दुईसहित फुटकररूपमा तयार गरिएका २५ गीतिसङ्ग्रहमा स्वर र सङ्गीत दिइसक्नुभएका गायक पौडेल अमेरिका पुगेर प्राविधिक शिक्षातर्फ आकर्षित हुनुभयो । विसं २०७६ मा अमेरिका पुगेपछि विश्वव्यापीरूपमा देखिएको कोरोना भाइरस महामारीले केही समय विश्राम लिनु परे पनि पनि गायक पौडेल पछि इन्ट्रा फाउन्डेसनसँग जोडिनुभयो र त्यसयता सङ्गीत सिकाउने शिक्षकका रूपमा कार्यरत हुनुहुन्छ ।

"म सङ्गीतबाट टाढिन नसकेका सन्दर्भमा त्यही काम पाएँ । प्रवासमा आएर सङ्गीत नै सिकाउन पाउँदाको खुसीलाई साधारण शब्दमा मात्र व्यक्त गर्न म सक्दिन । अहिले यो सामान्य सुनिए पनि केही वर्षपछि यसको नतिजा देखिनेछ कि यसबाट अमेरिकामा पनि धेरै नेपाली कलाकार उत्पादन हुनेछन् र आफ्ना प्रतिभा प्रस्फुटन गरेर देखाउने छन्," उहाँले भन्नुभयो ।

रेडियो नेपालमा विसं २०६० मा बालगीत, २०६१ मा उपत्यकाव्यापी बालगीत प्रतियोगिता, २०६६ र ६७ मा जागरण गीत, २०७० मा आधुनिक गीतमा उत्कृष्ट हुनुभएका गायक पौडेलले देश छाडेर पनि सङ्गीत छाड्न सक्नुभएको छैन । उहाँले पछिल्लो तीन वर्षमा तीसको हाराहारीमा गीत तयार गर्नुभएको छ । नेपाल आउँदा प्रायः गीत लिएर नै यहाँ आउनुहुन्छ ।

विविध कारणले प्रवास जानु परे पनि गीतसङ्गीतप्रतिको आफ्नो सक्रियतालाई उहाँले घट्न दिनुभएको छैन । यतिखेर पनि उहाँले १० वटा गीत लिएर आउनुभएको थियो उत्पादन गर्न । तर, गीतिसङ्ग्रह नभई एक/एक गीत सार्वजनिक गर्ने योजना उहाँले बनाउनुभएको छ ।

गायक पौडेल आफू गीतसङ्गीतमा निरन्तर सक्रिय रहने योजनाअनुरूप नै अघि बढ्नुभएको छ । नेपालमा रहँदा नै गीतसङ्गीतमा सक्रिय गायक पौडेलले अमेरिकामा रहेका नेपालीलाई दैनिक तीन कक्षामार्फत नेपाली गीतसङ्गीतप्रति आकर्षित गरिरहनुभएको छ ।

नेपाली गीतसङ्गीतप्रतिको यो मोह र लगावबाट उहाँले यस क्षेत्रलाई योगदान त दिनुभएकै छ । यसका अतिरिक्त उहाँले पछिल्लो समय नेपाली सङ्गीत उद्योगलाई पनि टेवा दिन थाल्नुभएका रूपमा पनि बुझ्न सकिन्छ । किनभने उहाँ हरेक वर्ष गीत रेकर्डिङ तथा उत्पादनका लागि नेपालमा आउने गर्नुभएको छ । उहाँले यस वर्ष यहाँ आएर ३० वटा गीत उत्पादन गर्नुभयो । यो उहाँको नियमित कार्यक्रम जस्तै बनेको छ ।

नेपालीहरूले अमेरिकामा गीत या म्युजिक भिडियो उत्पादन गर्न महँगो पर्ने गर्दछ । साथै कतिपय कलाकार यसैका लागि नेपालमै आउने अवसर प्राप्त नगर्न पनि सक्छन् । कलाकारहरूले मान्ने गरेको यो झन्झटलाई गायक पौडेलले समाधान गरिदिनुभएको छ ।

यसबाट सुरुमा सानो 'भोल्युम' मा भए पनि नेपाली गीतसङ्गीत उद्योगले व्यवसाय प्राप्त गर्न सकेको छ भन्न सकिन्छ । गायक पौडेलले अमेरिकामा रहेका नेपालीको गीतसङ्गीत उत्पादनको चाहलाई नेपालमा ल्याएर साकार पारिदिने र यहाँको 'म्युजिक इन्डस्ट्री' लाई थोरै भए पनि 'बिजनेस' दिने योजना निरन्तर नै रहने योजना बनाउनुभएको छ ।

# ठमेल र दरबारमार्ग शनिबारदेखि चौबिसै घण्टा खुला

काठमाडौँ, १ वैशाख । सङ्घीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्ग क्षेत्र आजदेखि २४ सै घण्टा खुला हुने भएको छ ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले आचारसंहिता निर्माण गरी उक्त क्षेत्रलाई शनिबार नयाँ वर्ष वैशाख १ गतेदेखि २४ सै घण्टा सञ्चालन गर्न लागेको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले ठमेल र दरबारमार्ग क्षेत्रलाई सुरक्षित बनाउन भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको राससलाई बताउनुभयो ।

उहाँले वैशाख १ गतेदेखि ठमेल र दरबारमार्ग क्षेत्रलाई पूर्ण समय व्यवसाय सञ्चालन गर्ने गरी रात्रिकालीन व्यवसाय सञ्चालन गर्ने तयारी गरेकाले सोहीअनुसारको सुरक्षा व्यवस्था सुदृढ बनाइएको बताउनुभयो ।

"जिल्ला सुरक्षा समितिले रात्रिकालीन समयमा मनोरञ्जनात्मक व्यवसायको लागि विभिन्न समय तोकेर खुला राखेको अवस्था रहेपनि अब सबै किसिमका व्यवसाय सञ्चालन गर्नेगरी बजार खुला रहन्छ," उहाँले भन्नुभयो । ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्ण समय व्यवसाय सञ्चालन गर्नेगरी 'आचारसंहिता तथा मापदण्ड–२०८० स्वीकृत गरेको उहाँको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी बस्नेतले आचारसंहितामा व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता, उपभोक्ताले पालना गर्नुपर्ने आचारसंहिता, स्थानीय बासिन्दाको अधिकार, दायित्व र सुरक्षा संयन्त्रले सुरक्षा प्रदान गर्नका लागि अवलम्बन गर्नुपर्ने विधि, प्रक्रिया उल्लेख गरिएको छ ।

ठमेल र दरबारमार्ग क्षेत्रलाई सञ्चालन गर्नका लागि तयार गरिएको विशेष सुरक्षा योजना भित्र पर्यटक प्रहरीलाई अझै व्यवस्थित र प्रभावकारी बनाइनेछ । ठमेलभित्र व्यवसायी मात्रै नभई स्थानीय बासिन्दाको पनि बसोबासको क्षेत्र भएकाले स्थानीयलाई कुनै असर नपर्नेगरी व्यवस्था मिलाइएको छ ।

रात्रिकालीन मनोरञ्जनात्मक व्यवसायका क्रममा हुने ध्वनि प्रदूषणलाई नियन्त्रण गर्नेलगायत आचारसंहिता तयार गरिएको छ । उहाँले भगवान् बहाल क्षेत्रमा स्थानीयको बसोवास भएकाले सो स्थानमा यस्ता कार्यक्रम गर्न रोक लगाइएको बताउनुभयो ।

ठमेल र दरबारमार्ग क्षेत्रमा २४ सै घण्टा व्यवसाय सञ्चालन स्थानका शौचालयलाई निश्चित सङ्केत दिएर प्रयोग गर्न पाउने व्यवस्था मिलाइएको छ । यातायातका साधनको अभाव हुन नदिन नगरबस, ट्याक्सी, अनलाइन सवारीसाधनको व्यवस्थापनमा लागिएको प्रजिअ बस्नेतले बताउनुभयो । यसैगरी, पार्किङ व्यवस्थापन, आन्तरिक सुरक्षालगायतको व्यवस्था मिलाइएको छ ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल र दरबारमार्गको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि उक्त बजारलाई २४ सै घण्टा खुला गर्न लागिएको बताउनुभयो । उहाँले व्यवसायको पाटोबाट गर्नुपर्ने आन्तरिक तयारी पूरा भएको उल्लेख गर्नुभयो ।

दरबारमार्ग विकास बोर्डका संयोजक सञ्जय अधिकारीले २४ सै घण्टा बजार खुल्ने कुराले अन्तर्राष्ट्रिय स्तरमा सकारात्मक सन्देश जाने विश्वास व्यक्त गर्नुभयो ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेको प्रमुख आतिथ्यतामा विभिन्न सुरक्षा निकायका प्रमुख तथा विशिष्ट व्यक्तिको उपस्थितिमा शनिबार अपराह्न एक कार्यक्रम आयोजना गरी उक्त क्षेत्र चौबिसै घण्टा खुला राख्ने घोषणा हुनेछ । **रासस**

। सम्पादकीय ।

# समाज परिवर्तन गर्न क्रान्तिकारी भावना आवश्यक

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था शोषणमा आधारित पुँजीवादी व्यवस्था हो । निर्दलीय व्यवस्था अन्त्य भए पनि सामन्ती व्यवस्थामा भएका, रहेका शोषणका प्रवृत्ति अन्त्य भएको छैन । शोषण गर्ने यो पुँजीवादी व्यवस्थामा जुन दलले सरकारको नेतृत्व गरे पनि शोषण अन्त्य हुनेछैन । शोषक, सामन्त, जमिनदार, जालीफटाहा, प्रतिक्रियावादी, ठग, कालाबजारी, कमिसनखोर जहाँका भए पनि जनताका शत्रु हुन् । उनीहरूले या पुँजीवादी व्यवस्थाको पक्षपोषण गर्ने शासकहरूले विगतको वर्ष र नयाँ वर्ष 'सुशासनको शङ्खघोष', 'नयाँ वर्षमा समृद्धिको कार्यभार', 'गएको वर्ष उपलब्धिपूर्ण', 'नागरिकमा राज्यप्रतिको विश्वास बढेको', 'सुशासन प्रयासका सन्दर्भमा २०८० साल सफल हो' आदि भने पनि व्यवहारमा त्यो देखिएको छैन । शोषणमा आधारित पुँजीवादी व्यवस्था नफालेसम्म कुनै शासक या सत्तासीन दलका नेताले बखान गरेर शोषणरहित समाज स्थापना हुने होइन । शोषणरहित समाज स्थापना गर्न पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था स्थापना गर्नुपर्छ ।

पहाड र तराईका शोषक, सामन्त, जमिनदार, जालीफटाहा, प्रतिक्रियावादीहरू देशका श्रमजीवीवर्ग या मजदुर, किसान तथा स-साना उद्योगी, व्यवसायी र व्यापारीहरूमाथि शोषण गर्छन् या चुस्छन् । तराईका शोषक, जमिनदार र जालीफटाहाहरूले तराईका किसान मजदुरलाई धोका दिन, शोषण कायम गर्न पहाडी शोषकको विरोध गर्छन् । तर, श्रमजीवी वर्गमाथि शोषण गर्ने पहाडका होस् या तराईका जहाँ भए पनि उनीहरू शोषक नै हुन् । यसकारण, पुँजीवादी व्यवस्थामा रहेका नेका होस् या कम्युनिस्ट उनीहरू श्रमजीवीवर्गको पक्षमा लड्दैनन्; लड्न चाहँदैनन् । समाजवादको लक्ष्य हासिल गर्न, जनताका समस्या समाधान गर्न वैज्ञानिक सोच, दीर्घकालीन र दूरदर्शी नीति लिएर काम गर्नुपर्छ भनी बोलेर होइन गरेर देखाउनुपर्छ । समृद्धि र समुन्नति साझा सङ्कल्प हो भनेर मिठो र आकर्षक नारा फलाक्ने होइन पूरा गरेर देखाउनुपर्छ । नवीन सङ्कल्प, नयाँ सोच, शैली र जाँगरका साथ जनताका पक्षमा दृढ भएर अगाडि बढ्नुपर्छ भनी कति खोक्ने ? शासक दलका नेताहरूले जनतालाई राहत पुऱ्याउने कुरा खोक्दा खोक्दै जनता वाक्कदिक्क भइसकेका छन् । प्रतिबद्धता गर्ने, आश्वासन बाँड्ने तर पूरा नगर्ने शासकहरूको प्रवृत्तिले गर्दा नेपालीले भन्न थालेका छन्, 'जति जोगी आए पनि कानै चिरेका ।'

सरकार र दलको नेतृत्व गर्ने नेता, प्रधानमन्त्री, मन्त्रीहरू देश र जनताको निम्ति नि:स्वार्थरूपले काम गर्ने जनसेवक बन्नुपर्छ; असल राजनीतिक कार्यकर्ता बन्नुपर्छ । तिनीहरूमा समाज परिवर्तन गर्ने क्रान्तिकारी भावना हुनुपर्छ । जनताको व्यथा, कथा बुझेर समाधानको उपाय खोज्नुपर्छ । विगतदेखि हालसम्म रहेका शोषणका जन्जिरहरू चुँडाल्नुपर्छ । वर्गसङ्घर्ष, क्रान्ति र राजनीतिबाट अलगिएर यहाँ परिवर्तन सम्भव छैन । सरकारले जनतालाई काममामको प्रत्याभूति दिनुपर्छ । व्यक्तित्व विकासमा समान अवसर दिनुपर्छ । योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शोषणको विरोधको अधिकार दिनुपर्छ । शासनमा कामदारवर्गको हुकुम हुनुपर्छ । अनि त्यो समाज समाजवादी व्यवस्था हुन्छ । यो देशलाई पुँजीवाद वा समाजवाद कतातिर लाने हो भन्ने निर्क्योल गर्ने एउटा आधार देशको संविधान र ऐन कानुनको बन्दोबस्त हो । 'वर्षान्त; वाम वर्चस्व' भनेर वामसोच अनुसार कुनै क्रियाकलाप गर्दैन, कुनै ऐन कानुन बनाइँदैन भने वर्चस्वको बखान गरेर के गर्ने ? समीकरणले वर्षान्ततिर सत्तामा वामपन्थीको वर्चस्व भनेर गर्व गरेर या नाक फुलाएर के यहाँ परिवर्तन हुने हो ? केही वर्षअघि दुईतिहाइको सरकार सञ्चालनको तहमा पुगेको वामपन्थी घटकको के हालत भयो ? वाम दलबिच नै विवाद उत्कर्षमा पुगेर एउटै दल तीन टुक्रा भएको होइन ?

सत्तासीन दलहरूप्रति जनताको विश्वास गुमेको यथार्थ हो । निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्नु यसको दृष्टान्त हो । दुईतिहाइ बहुमत प्राप्त नभएको सरकारले चाहेर पनि पुँजीवादी व्यवस्थाको ऐन कानुन बदल्न सक्दैन । संविधानमा राजाको अधिकार बढी हुनुको अर्थ समाजमा सामन्तवर्ग अझै बलियो छ भन्ने देखाउँछ । संवैधानिक राजतन्त्रको बन्दोबस्तले समाजमा सामन्तवर्ग र पुँजीवादीवर्गको मेल रहेछ भनी देखाउँछ । त्यसरी नै पुँजीवादी बन्दोबस्तले समाजमा सामन्तभन्दा पुँजीपतिवर्गको शक्ति बढेको देखाउँछ । अत: श्रमजीवी या बहुमत जनताको पक्षमा ऐन कानुन बनाउन समाजवादी बन्दोबस्त आवश्यक छ । त्यो सङ्घर्षले मात्र प्राप्त हुन्छ ।

# ऋणको भारमा थिचिनु परनिर्भर हुनु हो

✍ रामरतन चौधरी

चाइना जियोलोजिकल सर्भेको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेख जिल्लाका विभिन्न स्थानमा पेट्रोलियम पदार्थबारे अन्वेषण कार्य भइरहेको समाचारले नेपाली जनतालाई खुसी नै तुल्याउँछ । चीनको 'चाइना पेट्रोलियम कर्पोरेसन' पेट्रोल अन्वेषण र उत्खनन् गर्ने क्षेत्रमा विश्वकै ठूलो संस्था हो । २०७२ सालमा नेपाल र चीनबिच नेपालमा पेट्रोलियम पदार्थको अन्वेषणमा सघाउने द्विपक्षीय समझदारी भएको थियो । त्यसपछि अन्वेषणका प्रारम्भिक चरणका कामहरू सुरु भइसकेका छन् । चाइना जियोलोजिकल सर्भे र नेपालको खानी तथा भूगर्भ विभागको 'पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना' का प्राविधिकले २०८० चैत तेस्रो सातादेखि जमिनमा ड्रिलिङ थाल्ने बताएका छन् । अहिले ड्रिल कार्यलाई अन्तिम रूप दिन चीनबाट भारतको कोलकाता हुँदै नेपालगञ्जको बाटो भएर दैलेखमा मेसिनरी सामान तथा उपकरण आइरहेको समाचार छ । चार हजारदेखि पैँतालीस सय मिटर गहिरो ड्रिल गरेर अन्तिम अन्वेषणको प्रतिवेदन आएपछि मात्र पेट्रोलियम पदार्थको परिमाण निश्चित हुने खानी तथा भूगर्भविद्ले जनाएको छ ।

नेपालमा खानी तथा भूगर्भ विभागले विगत चार दशकदेखि नै पेट्रोलियम पदार्थको अन्वेषण गर्दै आएको हो । तर, सफलता हात परेको थिएन । यसपटक सकारात्मक परिणाम निस्कने आशा गरिएको छ । नेपाल र चिनियाँ टोलीद्वारा दैलेख जिल्लाका शिरस्थान, नाभीस्थान, धुलेश्वर, पादुका र भैरवी गाउँपालिकाको जलजलेमा गरिएको प्रारम्भिक अनुसन्धानबाट नेपालमा पेट्रोलियम पदार्थ रहेको पुष्टि भइसकेको छ । यो कार्य सफल भए पाल्पा, सल्यान, अर्घाखाँचीलगायत अन्य जिल्लामा समेत खोजी कार्य गर्ने सरकारी योजना रहेको समाचार छ ।

यो परियोजनाको लागत सुरुमा दुई अर्ब ५० करोड रुपैयाँ अनुमान गरिएको थियो । तर, काममा ढिलाइ भएका कारण लागत पनि बढ्ने अनुमान गरिएको छ । जमिन अधिग्रहणको निम्ति नेपालको तर्फबाट करिब एक करोड खर्च भइसकेको छ भने अन्य खर्च चिनियाँ पक्षले व्यहोर्ने सहमति छ । भारतीय विस्तारवादको जस्तो चिनियाँ पक्षको व्यवहार त देखिँदैन । तर, पनि नेपाल सरकार सचेत हुनु जरुरी छ ।

नेपालमा पेट्रोलियम पदार्थमात्र नभई अन्य खानी पनि धेरै छन् । खानी तथा भूगर्भ विभागले देशभर १ सय ५६ वटा खानी उत्खननको निम्ति विभिन्न उद्योगलाई इजाजत दिइसकेको छ । कोइला, फलाम, सिसा, काइनाइट, ग्रेनाइट, टाल्क (माटो खनिज), डोलामाइट, मार्बल, म्याग्नेसाइटलगायतका खानीहरू छन् । तर, चुनढुङ्गाबाहेक अन्य कुनै पनि खानी उत्खनन् भएका छैनन् । नवलपुरको धौवादीमा नेपाललाई ५० वर्षभन्दा बढीलाई पुग्ने फलाम खानी रहेको पत्ता लागेको छ । मुस्ताङमा युरेनियम, रोल्पामा सुनका खानीहरू पनि छन् । तर, नेपाल आफैँले खानीको उत्खनन्, प्रशोधन र उद्योग चलाउने सामर्थ्य राख्दैन । यसकारण, सरकारले विदेशी लगानी भित्र्याउने नीति लिएको देखिन्छ ।

नेपाल सरकारले नेपालमा पूर्वाधार विकासको निम्ति वैदेशिक लगानी भित्र्याउन २०८१ वैशाख १६ र १७ गते लगानी सम्मेलन गर्दैछ । सम्मेलनमा करिब १ सय ३२ परियोजना अघि सार्ने तयारी गरिएको छ । यसभन्दा अगाडि सन् २०१७ र सन् २०१९ मा पनि लगानी सम्मेलन गरिएको थियो । पहिलो सम्मेलनमा करिब १४ खर्ब ४६ अर्ब ६४ करोड विदेशी लगानीको प्रतिबद्धता आए पनि ३ खर्ब ३५ करोड ४७ लाख र दोस्रो सम्मेलनमा १७ खर्ब ३० अर्ब रुपैयाँको लगानी प्रतिबद्धता आए पनि १ अर्ब १८ करोड रुपैयाँ बराबरको रकम मात्र नेपाल भित्रियो । यसले लगानी सम्मेलन गरेर मात्र नहुने रहेछ भन्ने स्पष्ट भयो । नेपाल सरकारले विदेशी लगानीसँगै विदेशी स्वार्थ पनि आउँछ भन्ने बुझ्नु जरुरी छ । साम्राज्यवादी मुलुकहरूले आफ्नो स्वार्थ पूरा गर्न कमजोर देशहरूलाई कङ्गाल बनाएको इतिहासबाट सिक्नु जरुरी छ । ठूल्ठूला सुनखानी भएका अफ्रिकी मुलुक विदेशी लगानीकर्ताकै कारण कङ्गाल भएका उदाहरण छन् ।

२०८० माघ मसान्तसम्म नेपालको सार्वजनिक ऋण करिब २४ खर्ब रुपैयाँ पुगिसक्यो । जुन हाम्रो कुल गार्हस्थ उत्पादनको करिब ४४ प्रतिशत हुन आउँछ । नेपालको आन्तरिक ऋण ११.८४ खर्ब र बाह्य ऋण करिब १२ खर्ब छ । ऋणको भारमा थिचिनु भनेको परनिर्भर हुनु हो । यसतर्फ शासक दलहरूले सोच्नु जरुरी छ ।

नेपालमा एकातिर पेट्रोलियम पदार्थको अन्वेषण भइरहेको छ भने अर्कोतिर भारतको सिलिगुडीदेखि नेपालको झापासम्म पेट्रोलियम पाइपलाइन र ग्रिनफिल्ड टर्मिनल निर्माण गर्ने योजना पनि छ । २०८० जेठमा प्रधानमन्त्री दाहाल भारत भ्रमणको क्रममा नेपाल-भारतबिच भारतको लगानीमा दुईवटा पाइपलाइन र एउटा ग्रिनफिल्ड टर्मिनल (भण्डारण गृह) बनाउने समझदारी भएको थियो । भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको हालको पेट्रोलियम पाइपलाइनलाई चितवनको लोथरसम्म विस्तार गर्ने पनि समझदारी भएको छ ।

अमलेखगञ्ज-चितवन पेट्रोलियम पाइपलाइन निर्माणमा ४ अर्ब ३८ करोड (२७४ करोड भारु), सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन निर्माणमा ४ अर्ब ६० करोड रुपैयाँ (२८८ करोड भारु), चारआलीस्थित ग्रिनफिल्ड टर्मिनल निर्माणमा ८ अर्ब ३ करोड रुपैयाँ (५०२ करोड भारु) समेत यी तीन प्रोजेक्टका लागि १७ अर्ब १ करोड (६१८ करोड भारु) लाग्ने प्रक्षेपण गरिएको छ । तर, पाइपलाइन र ग्रिनफिल्ड टर्मिनल निर्माणमा अनुदान वा ऋण लगानी स्पष्ट छैन । यही कारणले योजनाले गति नलिएको बताइँदै छ । भारतको ऋण सहयोगमा यो परियोजना अगाडि बढे नेपाल पेट्रोलियम पदार्थमा भारत निर्भर हुनुपर्ने अवस्था सिर्जना हुन्छ । यसकारण नेपालले भारतबाट भित्र्याइने पेट्रोलियम पदार्थको विकल्प खोज्नु जरुरी छ । पेट्रोलियम पदार्थको विकल्प जलविद्युत् हो । तर, नेपालको जलविद्युत्मा पनि नेपालको दलाल शासक दलका नेताहरूको कारण भारतीय एकाधिकार पुँजीको दबदबा बढ्यो । भारतीय एकाधिकार पुँजीले चीनको सहयोगमा हुन लागेको पेट्रोलियम पदार्थको अन्वेषण र उत्खनन रोक्न पनि चलखेल नगर्ला भन्न सकिन्न । यसतर्फ पनि नेपाली जनता सचेत हुनु जरुरी छ ।

चीनले पनि ठूलो मात्रामा वैदेशिक लगानी भित्र्याउँछ तर राज्यको नियन्त्रणमा । चीनले विदेशी लगानीलाई राज्यको स्वामित्वमा भएको प्रतिष्ठानमार्फत संयुक्त लगानीको आधारमा मात्रै चीन प्रवेश गराउँछ । दोस्रो विदेशी लगानीकर्ताको चीनमा अवधि सकिएपछि उसको उद्योगधन्दा तथा परियोजना चीनलाई हस्तान्तरण गर्ने बाध्यात्मक सर्त हुन्छ । यसले गर्दा चीनमा विदेशी लगानीले नेपालमा जस्तो नियन्त्रण जमाएर अर्थतन्त्र कब्जा गर्ने सामर्थ्य राख्दैन । तर, नेपालको अवस्था त्यस्तो नभएकोले विदेशी लगानीको पछि लाग्नुभन्दा आफै आत्मनिर्भर बन्ने बाटो रोज्नु जरुरी छ ।

२०८० चैत २५

# मान्छेले रक्सी.. खान्छ वा रक्सीले मान्छे खान्छ ?



- अरुणा उप्रेती

केही वर्षपहिले विराटनगरको घटना मलाई एक जना व्यक्तिले सुनाएका थिए । विवरण यस्तो छ- नेपालका एक प्रसिद्ध कवि आफ्नो रक्सी खाने बानीले गर्दा श्रोतालाई कविता सुनाउन मञ्चमा बसेका बेला निदाएका थिए । प्रसिद्ध कविको कविता सुन्न श्रोताहरू लालायित थिए । तर, कवि अघिल्लो राति बेस्सरी रक्सी खाएर मातेर बान्ता गरी ढिलो सुतेका रहेछन् । बिहानपख जबरजस्ती उठाएर उनलाई कवि गोष्ठीमा त ल्याइयो तर गोष्ठीमा बसेपछि अरू कविले कविता सुनाउँदा सुनाउँदै उनी सोफामा नै लमतन्न सुतेर घुर्न थाले । उनले कसरी कविता भन्नु ? उनलाई उठाएर पुन: होटलमा नै लैजानुपर्यो । उनी सुती नै रहे । ती कवि नेपालमा प्रसिद्ध छन् । मानिस पनि भलाद्मी नै छन् । रक्सी खाएपछि उनको कविपन नै हराउँदो रहेछ ।

भारतका प्रसिद्ध सिने कलाकार गुरुदत्त पनि असाध्य रक्सी पिउँथे । वहिदा रहमानसँग उनको प्रेम प्रसङ्ग गाँसिन नसकेपछि उनले रक्सी पिउन थालेको कुरा हामी सानो छँदा सुन्थ्यौँ । सिने पत्रिकामा पढ्थ्यौँ पछि उनले पनि आत्महत्या गरे । सानो हुँदा त केही लाग्दैनथ्यो तर अहिले लाग्छ कतै उनी पनि डिप्रेसनको शिकार थिए कि ? वा रक्सी खाएर उनलाई डिप्रेसन भएको थियो कि ?

फिल्मी प्रेम प्रसङ्गमा सफल नभएपछि रक्सी खाएको देख्दा लाग्छ, मानौँ रक्सी पिउनु खासै नराम्रो कुरा होइन । कतै दु:ख परे पनि वा खुसी भए पनि रक्सी पिउने प्रचलन देखाउँदा यस्तो लाग्छ मानौँ रक्सी नभए त जीवन नै चल्दैन ।

नेपालका पत्रपत्रिकामा रक्सीको बारेमा चर्चा र छलफल हुँदा 'लेखक, कलाकार, पत्रकार, नायक, कवि आदिले मजासँग रक्सी खाएपछि मात्र लेख्न सक्छन्' भन्ने भान पर्ने अन्तर्वार्ता छापिन्छ । रक्सीलाई मनमस्तिष्क तीव्र पार्ने वस्तु जस्तै देखाइन्छ । यसबाट के भान पर्न जान्छ भने रक्सी खानु खासै नराम्रो होइन रहेछ ।

त्यसमाथि पनि केही चिकित्सकहरूले दिनमा एक पेग रक्सी खानु त स्वास्थ्यको लागि फाइदै छ भनेपछि धेरै मानिसलाई अरू के चाहियो र ? यस्ता निहुँहरू पाएपछि युवा पिँढीमा हामीले रक्सी खाएर के नै पो नराम्रो हुन्छ र भन्ने मानसिकता निर्माण हुन्छ ।

मानसिक रोग विशेषज्ञ नै रक्सीको बारेमा भन्छन्, "सामान्य दैनिक जीवनमा रक्सी कुनै पनि दृष्टिले लाभदायक छैन, मात्र हानिकारक छ । कवि, कलाकार, राजनीतिज्ञलगायत सर्वसाधारणलाई रक्सीले असर पारेको छ र अझ कति व्यक्ति र परिवारलाई यसले बेहाल बनाएको छ ।

कतिलाई त रक्सीले यौनशक्ति बढाउँछ भन्ने भ्रम पनि हुन्छ । रक्सीले शारीरिक र मानसिक क्रियालाई दबाउँछ । संवेदनशील मानसिक क्रिया आत्ममूल्याङ्कन, सक्रियता र संयम पनि दबिन्छ र परिणामस्वरूप विवेकद्वारा नियन्त्रित बानीको सट्टा उत्तेजना, आक्रामक स्वभाव, उत्ताउलोपन माथि आउँछन् र रक्सी खाएर लागेको व्यक्तिले लाज, डर वा खतरा महसुस नगर्ने हुन्छन् ।"

मानसिक रोग विशेषज्ञ भन्छन्, "मानिसहरू डिप्रेसन भएपछि पनि बढी रक्सी खान्छन् र समस्या झन् जेलिँदै जान्छ ।" यदि डिप्रेसन भएर मानिसहरूले त्यसरी धेरै रक्सी खाए भने त्यसको उपचार हुनुपर्छ ।

पुरुष वा महिला रक्सीको कुलतमा फसेपछि परिवार कसरी नष्ट हुन्छ भन्ने मैले धेरै देखेकी छु । रक्सी खाने मानिसले गर्दा पाएको दु:ख देखेर त्यो मानिस त छिट्टै मरिदिए पनि हुन्थ्यो भन्ने पनि परिवारका मानिसको चाहना हुन्छ ।

रक्सीले थाकेको बेला शरीरलाई आराम दिन्छ र थकान मेटाउँछ भन्ने भ्रम धेरैलाई छ । त्यसैले लामो दूरीका बसमा चालकले रक्सी नखाए त जीउ दुखिहाल्छ नि चलाउनै सकिँदैन भनेर रक्सी खाएर बस चलाउँदा दुर्घटना भएका कैयौँ घटना छन् ।

मधुमेहबाट पीडित एक जना सरकारी कर्मचारी धेरै रक्सी खाएर एकचोटि बेहोस नै भएछन् । अस्पतालमा लगेर उनलाई उपचार गराउँदा अति नाजुक अवस्थामा पुगिसकेका थिए । अत्याधुनिक प्रविधि प्रयोग गरेर उनलाई बचाउने र भेन्टिलेटरमा राख्ने कि भनेर डाक्टरहरूले परिवारलाई सोध्दा जवाफ पाइयो, "उनी बाँचेर हामीलाई खासै फाइदा छैन । उनलाई पनि आफ्नो जिन्दगीसँग मोह छैन, त्यसैले भेन्टिलेटरमा राखेर पैसा खर्च गर्नुको कुनै औचित्य छैन ।" भोलिपल्ट उनको मृत्यु भयो ।

रक्सी खाएर अति योग्य कलाकारहरूले सम्पूर्ण जीवन नष्ट पारेका घटना छताछुल्ल छन् । छारेरोग लागेको मानिसले रक्सी खाएर बेहोस भएर जीवन नै सिध्याएका घटना गाउँघरमा प्रशस्तै पाइन्छन् । केही समय मानिसले रक्सी खान्छ तर पछि रक्सीले मानिसलाई खान्छ ।

तैपनि, मानिस रक्सी खान छोड्दैन, किन होला ?

# 'संरा अमेरिकी शैलीको लोकतन्त्र' को पाखण्ड - १



**चिनियाँ मानवअधिकार अध्ययन समाज (सीएसएचआरएस) को रिपोर्ट (डिसेम्बर २०१९)**

संरा अमेरिकाले आफूले आफैँलाई सधैँ लोकतन्त्रको 'प्रकाशस्तम्भ' मान्छ। उसले सार्वजनिक गतिविधि र निर्वाचनमा सहभागी बन्न पाउने तथा सरकारमाथि अनुगमन गर्ने जनताको अधिकारको वकालत गर्दै आएको छ। तथापि, संरा अमेरिकी राजनीति र समाजको गहिरो विभाजनको कारण व्यवहारमा भने ठुलो सङ्ख्यामा संरा अमेरिकी नागरिक राजनीतिमा सहभागी बन्नबाट वञ्चित छन्। यसो हुनुको मूल कारण भने त्यहाँको पैसामुखी राजनीति हो। पैसामुखी राजनीतिले जनतालाई प्रजातान्त्रिक हक अधिकारबाट वञ्चित गर्छ। पैसामुखी राजनीतिले मतदाताको वास्तविक चाहना अभिव्यक्त गर्न दिँदैन। त्यसले राजनीतिक असमानताको यथास्थिति कायम राख्छ। हालैका वर्षहरूमा संरा अमेरिकी धनी वर्गले राजनीतिमा आफ्नो प्रभाव बलियो बनाउँदै गएको छ भने राजनीतिमा सर्वसाधारण जनताको प्रभाव भने दिनानुदिन कमजोर हुँदै गएको छ। पैसामुखी राजनीतिले संरा अमेरिकी लोकतन्त्रको पाखण्डी उजागर गरेको छ।

**१. पैसाले संरा अमेरिकी राजनीति प्रणालीलाई सम्पूर्णत: निलेको छ।**


'पैसा भनेको राजनीतिमा आमाको दूध हो।' यो निकै प्रचार गरिएको वाक्यले समकालीन संरा अमेरिकी राजनीतिको आन्तर्यलाई सही र सटिक पाराले वर्णन गरेको छ। पैसा नै संरा अमेरिकी राजनीतिको चालक शक्ति हो। संरा अमेरिकाको बृहत् र जटिल राजनीतिक मेसिन पैसाको इन्धनले मात्र चल्न सक्छ। पैसा नै संरा अमेरिकी राजनीतिको लुब्रिकोन्ट (औजारमा राखिने चिल्लो पदार्थ) हो। पैसाबिना संरा अमेरिकी राजनीति चल्न सक्दैन। पैसामुखी राजनीतिले नै संरा अमेरिकी निर्वाचन, संसद् र सरकार चलाउने गर्छ। अहिले पैसामुखी राजनीति संरा अमेरिकी समाजको दीर्घ रोग बनिसकेको छ।

यस्तो परिस्थितिमा मतदाताको चाहना अभिव्यक्त गर्ने, राजनीतिक दिशा निर्धारण गर्ने र योग्य नेतृत्व चुन्ने प्रक्रिया 'निर्वाचन' नै पैसाको खेल बनिसकेको छ। संरा अमेरिकाको पैसामुखी राजनीतिले त्यहाँको जनमतको अपमान गरेको छ र निर्वाचनलाई धनी वर्गको 'एकल प्रस्तुति' (वन म्यान शो) मा परिणत गरेको छ। संरा अमेरिकी निर्वाचनका हरेक कुना-काप्चामामा पैसा गहिरो गरी जोडिएको हुन्छ। कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्न पैसा सङ्कलन गर्नु नै सबभन्दा पहिलो काम हुने गरेको छ। पैसाबिना कुनै पनि राजनीतिक पदको लागि प्रतिस्पर्धा गर्नु असम्भव हुने गर्छ। एक्काइसौँ शताब्दीको सुरुवातसँगै रिपब्लिकन र डेमोक्रेटिक पार्टीका राष्ट्रपति उम्मेदवारले तीव्र गतिमा चुनाव खर्च बढाएका छन्। सन् २००४ मा चुनावमा भएको खर्च ७० करोड अमेरिकी डलर थियो। सन् २००८ मा चुनाव खर्च बढेर १ अर्ब अमेरिकी डलर पुग्यो र त्यसको चार वर्षपछि सन् २०१२ मा भएको निर्वाचनको खर्च २ अर्ब अमेरिकी डलर पुग्यो। सन् २०१६ मा संरा अमेरिकामा भएको राष्ट्रपति र संसदीय निर्वाचनमा जम्माजम्मी ६ अर्ब ६० करोड अमेरिकी डलर खर्च भयो। संरा अमेरिकी इतिहासमा त्यो नै आजसम्मको सबभन्दा महँगो निर्वाचन हो। संरा अमेरिकामा हुने मध्यावधि निर्वाचनको खर्च अझ बढी हुने गरेको छ। सन् २००२ देखि २०१४ सम्ममा भएका चार वटा मध्यावधि निर्वाचनमा क्रमश: २ अर्ब १८ करोड, २ अर्ब ८५ करोड, ३ अर्ब ६३ करोड र ३ अर्ब ८४ करोड अमेरिकी डलर खर्च भएको थियो। सन् २०१८ मा भएको मध्यावधि निर्वाचनमा ५ अर्ब २० करोड अमेरिकी डलर खर्च भएको थियो। सन् २०१८ मा सम्पन्न मध्यावधि निर्वाचनमा एक जना सिनेट (माथिल्लो सदन) सदस्य निर्वाचन हुन औसत खर्च १९ करोड ४० लाख अमेरिकी डलर भएको थियो। एक जना प्रतिनिधिसभा (तल्लो सदन) को सदस्य जित्न औसत १५ लाख अमेरिकी डलर खर्च भएको थियो। निकै महँगो चुनाव खर्चले निर्वाचनमा सहभागी बन्ने द्वार निकै होचो बनाएको छ। अत्यधिक बहुमत जनता राजनीतिक निर्वाचनमा सहभागी बन्ने सम्भावना साँघुरो बनाइदिएको छ। ठुलो परिमाणमा पैसा जम्मा गर्न सक्ने केही सीमित मानिस नै मात्र संरा अमेरिकी राजनीतिक निर्वाचनमा सहभागी बन्न सक्नेछन्। फलत: यो अवस्थाले धनी वर्ग र अनेकन मौका खोजिरहेका स्वार्थ समूह (इन्ट्रेस ग्रूप) ले पैसा खर्च गरेर उम्मेदवार जिताउने सम्भावना बढाएको छ।

सार्वजनिकरूपमा पारदर्शी गरिने चुनावी खर्चबाहेक पनि संरा अमेरिकी चुनावी गतिविधिमा ठुलो परिमाणमा गोप्य पैसा र 'कालो धन' पनि प्रयोग हुने गरेको छ। सन् २०१८ मा नेशनल ब्रोडकास्टिङ कम्पनी (एनबीसी) न्युजले प्रसारण गरेको एक समाचारअनुसार संरा अमेरिकी सरकारी कोष विभागले अधिकांश गैरसरकारी संस्थालाई आफ्नो चन्दाको स्रोतबारे जानकारी दिइरहन नपर्ने घोषणा गऱ्यो। कोष विभागको सो घोषणाले चुनावी खर्च अझ बढी अपारदर्शी बनायो। सन् २०१० मा संरा अमेरिकी सर्वोच्च अदालतले सङ्घीय चुनाव आयोगविरुद्ध सिटिजन युनाइटेडको मुद्दामा एउटा आदेश जारी गरेको थियो। सो आदेशले राजनीतिक चन्दामा लगाइएको रोकलाई खुकुलो बनाइएको थियो। त्यसयता संरा अमेरिकी निर्वाचनमा 'कालो धन' को बाढी नै आयो। 'कालो धन' को बाढीले एक पछि अर्को रेकर्ड तोड्दै गयो। सन् २०१० को मध्यावधि निर्वाचनमा १ करोड ६० लाख अमेरिकी डलर बराबरको 'कालो धन' ओइरियो। सन् २०१४ को मध्यावधि निर्वाचनमा 'कालो धन' को परिमाण ५ करोड ३० लाख अमेरिकी डलर पुग्यो। सन् २०१८ को मध्यावधि निर्वाचनमा उम्मेदवार बाहेक बाहिरका समूहले खर्च गरेको 'कालो धन' आकाशिएर ९ करोड ८० लाख अमेरिकी डलर पुग्यो। संसदीय चुनावलाई प्रभावित बनाउने गरी ती बाहिरिया समूहले टीभीमा प्रसारण गर्ने विज्ञापनमध्ये ४० प्रतिशतभन्दा बढी गोप्य चन्दादाताको पैसाबाट सञ्चालित थिए।

**२. पैसामुखी राजनीति संरा अमेरिकी पुँजीवादी प्रणालीको अवश्यम्भावी परिणाम हो।**

संरा अमेरिका पुँजीवादी देश हो। संरा अमेरिकाको लोकतन्त्र भनेको पुँजीपति वर्गले शासन गर्ने राजनीतिक प्रणाली हो। त्यसकारण संरा अमेरिकी लोकतन्त्रले स्वभावत: पुँजीपति वर्गको चाहना प्रतिनिधित्व गर्छ। संरा अमेरिकी लोकतन्त्रले उनीहरूकै स्वार्थको सेवा गर्छ। संरा अमेरिकी लोकतन्त्रको सबभन्दा प्रमुख विशेषता भनेको चुनाव भनिन्छ। संरा अमेरिकामा त्यहाँका पुँजीपति वर्गका आवश्यकता पूरा गर्न सक्ने राजनीतिक नेतालाई नै राज्यसत्ता चलाउन दिन निर्वाचनमार्फत राष्ट्रिय नेतृत्वमा पुऱ्याइन्छ। यो लक्ष्य हासिल गर्न संरा अमेरिकाले विभिन्न तहका निर्वाचनमा उम्मेदवार बन्न खोज्ने व्यक्ति र मतदातालाई रोक्ने जटिल खालको राजनीतिक र चुनावी प्रणाली बनाएको छ। यो प्रणालीले धनी वर्गका आवश्यकता पूरा गर्न सक्ने उम्मेदवारलाई मात्र चुनाव जित्न दिन्छ। पहिले संरा अमेरिकाले मतदाता बन्न आवश्यक पर्ने योग्यतामै धेरै प्रकारका बाधा अड्चन थोपरेको थियो। ठुलो सङ्ख्यामा संरा अमेरिकी नागरिक (जस्तै जातीय अल्पसङ्ख्यक समुदाय र महिला आदि) लाई मतदानको अधिकारबाट वञ्चित गरिएको थियो। समयान्तरमा पुँजीपति वर्गले पैसालाई निर्वाचनमा नियन्त्रण गर्ने सबभन्दा महत्त्वपूर्ण औजार बनायो। बीसौँ शताब्दीको सङ्घारमा, विशेषत: सन् १९६० को दसकपछि आमसञ्चारको लोकप्रियता र विकाससँगै चुनावमा पैसाको आवश्यकता लगातार बढ्यो। गरिबका प्रतिनिधिलाई उम्मेदवार बन्नै गाह्रो बनाउन समाजको तल्लो तहबाट राजनीतिक सहभागिता निषेध गर्ने प्रमुख माध्यम नै पैसा बन्यो। धनी मानिसहरूले आफ्नो योग्य राजनीतिक एजेन्ट छान्छ, उसैलाई उम्मेदवार बनाउँछ र पैसा उठाएर उसैलाई विजयी बनाउँछ। यस्तो प्रणालीको कारण आर्थिक स्वार्थ र राजनीतिक शक्तिबिचको सम्बन्ध स्वभावत: बलियो हुन पुग्यो। राजनीतिक निर्वाचनमा सहभागी बनेर धनी मानिसले आफ्ना आर्थिक स्वार्थको राजनीतिक सुनिश्चितता खोज्छ। पैसाको सहायतामा राजनीतिक नेताहरू निर्वाचनमा सहभागी बन्छन्। राष्ट्रिय स्रोतको वितरणमा आफ्नो प्रभुत्व कायम राख्न राजनीतिक व्यवस्थामा धनी वर्गले आफ्नो बलियो प्रभाव बनाएको हुन्छ र केन्द्रीय तहदेखि स्थानीय तहसम्मका सबै सरकारमा आफ्नो स्वार्थको वकालत गर्न सक्ने प्रवक्तालाई निर्वाचनबाट निर्वाचित गर्छ। सामाजिक धनमा धनी वर्गको सबभन्दा ठुलो हिस्सा हुने भएकोले राजनीतिक नेताहरूका आर्थिक आवश्यकता उनीहरूले पूरा गर्न सक्छ। धनी वर्गले पनि उनीहरू (राजनीतिक नेताहरू) लाई आफ्नो राजनीतिक प्रतिनिधि बनाइदिन्छ। सूचना प्रविधिको विकाससँगै राजनीतिक नेताहरूलाई सामान्तन्दा सामान्य चुनावमा सहभागी बन्न र जित्न समेत धेरैभन्दा धेरै पैसाको खाँचो परेको छ। त्यसकारण, पुँजीवादी पार्टीको राजनीतिमा पैसा नै आरम्भबिन्दु र अन्तिम बिन्दु हुने गर्छ। संरा अमेरिकाका दुई प्रमुख राजनीतिक



डलर प्रभुत्व

दलका उम्मेदवारहरू पुँजीपति वर्गभित्रका भिन्न भिन्न खेमाका प्रतिनिधिमात्र हुन्।

विभिन्न स्वार्थ समूहका गतिविधिले पैसामुखी राजनीतिको प्रष्ट अर्थ व्याख्या गर्छ। स्वार्थ समूह भन्नाले आफ्ना साझा लक्ष्य र स्वार्थपूर्ति अधिक बनाउन साझा राजनीतिक लक्ष्य, आर्थिक हित र सामाजिक पृष्ठभूमिका मानिस वा समूहहरू मिलेर बनेको समूह हो। संरा अमेरिकी संविधानको पहिलो संशोधनले स्वार्थ समूहहरूलाई संवैधानिक मान्यता प्रदान गऱ्यो। स्वार्थ समूहको ध्येय भनेको सत्ता सञ्चालनमा सहभागी बन्ने र सरकारी शक्ति केन्द्रबाट आफ्ना स्वार्थको विस्तार र रक्षाको लागि आवश्यक नीतिहरू बनाउन उत्साहित गर्ने वा दबाब दिने हो। दुईखुट्टे सङ्घीय प्रणाली भएको र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको शक्ति विभाजन भएको संरा अमेरिकाको विशिष्ट राजनीतिक प्रणालीका कारण त्यहाँ स्वार्थ समूहहरूलाई खेल्ने प्रशस्त ठाउँ छ। त्यसकारण, संरा अमेरिकी राजनीति र सबै तहका सरकारमाथि प्रभाव वा दबाब दिन सम्भव भएको हो। संरा अमेरिकी प्रशासन, संसद् र न्यायिक प्रणालीमा स्वार्थ समूहहरूले गहिरो जरा गाडेका छन्। स्वार्थ समूह, राजनीतिक पार्टी र सरकार संरा अमेरिकी राजनीतिका तीन खम्बा बनेका छन्। स्वार्थ समूहहरूले काम गर्ने धेरै तरिका छन्। उनीहरूले पैसा खर्चेर, प्रत्यक्षरूपमा निर्वाचन प्रक्रियामा सहभागी बनेर र निर्वाचन जित्न कोही उम्मेदवारलाई सहयोग गरेर कानुन निर्माण र सरकारका निर्णयलाई प्रभावित बनाउन सक्छन्। उनीहरू जनमत सिर्जना गर्न सक्छन्, प्रचारबाजीबाट सरकारको निर्णय प्रक्रियालाई प्रभावित बनाउन सक्छन्। उनीहरू रेडियो र टीभीमा भाषण गर्छन्, पत्रकार सम्मेलन आयोजना गर्छन्, चलचित्र बनाउँछन् र अरू पनि धेरै उपायमार्फत सरकारका निर्णयमा प्रभावित बनाउने गर्छन्। संसद् र निर्णय गर्ने अधिकारीहरूलाई प्रभावित बनाएर सरकारी निर्णयमा स्वार्थ समूहहरूले प्रत्यक्ष प्रभाव पार्छन्। संरा अमेरिकी सरकार र संसद्को निर्णय प्रायश: विभिन्न स्वार्थ समूहबिचको प्रतिस्पर्धाको नतिजा हुने गर्छ।

स्वार्थ समूहहरू पैसामुखी राजनीतिका मौलिक पक्ष हुन्। स्वार्थ समूहका गतिविधिलाई पैसाबाट अलग बनाउन सकिंदैन। स्वार्थ समूहका गतिविधि एउटा 'केन्द्र' बनेको छ जहाँ पैसा र शक्तिबिच मिलन हुन्छ। उनीहरूको काम भनेको पैसालाई राजनीतिक प्रभावमा परिवर्तन गर्नु हो। जति धेरै पैसा हुन्छ, स्वार्थ समूहले त्यत्ति नै बढी राजनीतिक प्रभाव बलियो बनाउन सक्छ। अनि पैसा सबै धनीकै हातमा हुन्छ। गरिब जनताले पनि स्वार्थ समूह त बनाउन सक्छन्। तर, आर्थिक स्रोतको अभावमा ती स्वार्थ समूहले कहिल्यै पनि प्रभाव पार्न सक्दैनन्। व्यापारीहरूको समूह वा उद्योग सङ्गठनले नै वास्तवमा बलियो प्रभाव पार्ने हो किनभने ती समूहसँग प्रशस्त पैसा हुन्छ। उदाहरणको लागि सन् २००० देखि २०१० को बिचमा संरा अमेरिकी उद्योग सङ्गठनले श्रमिक सङ्गठनको तुलनामा दस गुणा बढी चुनावमा खर्च गऱ्यो। सन् २०१० पछि उद्योग सङ्गठन र श्रमिक सङ्गठनले राजनीतिक क्षेत्रमा गर्ने खर्चको सीमा बढाइयो। तर, त्यस अवस्थामा धेरै श्रमिक सङ्गठनले अझै पनि राजनीतिक खर्च बढाउन सकेनन्। किनभने उनीहरूले पहिले नै आफ्नो अधिकतम क्षमता खर्च गरिसकेका थिए। उता उद्योग सङ्गठनहरूको राजनीतिक खर्च भने ठुलो परिमाणमा बढ्यो। उनीहरूको राजनीतिक प्रभाव पनि तीव्र गतिमा विस्तार भयो। उद्योग सङ्गठनहरूले राजनीतिक लगानी बढाउनुको मूल ध्येय भनेको नीति निर्माणमा आफ्नो प्रभाव अधिकतम बलियो बनाउनु हो।

प्रभाव पार्नु (लबिङ) गर्नु पैसामुखी राजनीति कार्यान्वयन गर्ने सबभन्दा महत्त्वपूर्ण बाटो हो। संरा अमेरिकी राजनीतिमा यसरी प्रभाव पार्नु एउटा छुट्टै खालको राजनीतिक प्रक्रिया हो। प्रभाव पार्न (लबिङ) मा हुने भ्रष्टाचार संरा अमेरिकी राजनीतिक प्रणालीको अन्तरनिहीत कमजोरी हो। लबिङ प्रक्रियाको वैधानिक आधार भनेको संरा अमेरिकी संविधानको पहिलो संशोधन हो। पहिलो संविधान संशोधनकै आधारमा संरा अमेरिकाले लबिङलाई वैधानिकता दिँदै कानुनहरू बनायो। सन् १९३८ को विदेशी एजेन्ट पञ्जीकरण ऐन, सन् १९४६ को लबिङ नियमनसम्बन्धी सङ्घीय नियमावली, सन् १९९५ को लबिङ उजागरण कानुन, सन् १९९८ को लबिङ उजागरण प्राविधिक संशोधन ऐनले प्रभाव पार्ने यस्ता गतिविधिलाई नियमन गर्ने कानुनी आधार बनाएको छ। यी कानुनले संरा अमेरिकामा विभिन्न स्वार्थ समूहहरू बनाउन, एकअर्काविरुद्ध प्रतिस्पर्धा गर्न, संसदीय कानुन र सरकारी निर्णयमा प्रभाव पार्न वैधानिकता दिन्छ। तसर्थ, लबिङ प्रक्रिया संरा अमेरिकी राजनीतिक प्रक्रियाकै अत्यन्त महत्त्वपूर्ण प्रक्रिया बनेको छ। स्वार्थ समूहहरूले संरा अमेरिकी सदनका सदस्य र उनीहरूका सहयोगीलाई प्रभावित बनाउन लबिङको काम गर्ने कम्पनीलाई काममा लगाएको हुन्छ। लबिङ गर्ने त्यस्ता कम्पनीहरूमार्फत विधेयक निर्माण र संशोधनमा प्रभाव पारेर आफ्नो स्वार्थपूर्ति गर्न खोज्छन्। बितेका चालिस वर्षमा संरा अमेरिकामा लबिङ व्यवसायको तीव्र विकास भएको छ।

एक प्रकारले विस्फोटक वृद्धि भएको छ। सन् १९७१ मा संरा अमेरिकाभरिमा १७५ वटा मात्र दर्ता भएका लबिङ कम्पनी थिए। सन् १९८१ मा यो सङ्ख्या बढेर २५ सय पुग्यो। सन् २००९ सम्म आइपुग्दा यो सङ्ख्या १३ हजार सात सय पुग्यो। यसको अर्थ संरा अमेरिकाका माथिल्लो र तल्लो दुवै सदनका प्रत्येक सांसद बराबर २० भन्दा बढी लबिङ गर्ने कम्पनीहरू छन्। हालै उपलब्ध (तर अपूर्ण) तथ्याङ्कअनुसार वाशिङ्टन डीसीमा मात्र दुई हजारभन्दा बढी लबिङ गर्ने कम्पनीहरू छन्। लबिङमा स्वार्थ समूहले गर्ने खर्च दिनानुदिन बढिरहेको छ। सन् १९९८ मा लबिङ कम्पनीहरूमा १ अर्ब ४४ करोड अमेरिकी डलर बराबर खर्च भएको थियो भने सन् २०११ मा त्यो खर्च बढेर ३ अर्ब ३३ करोड पुगेको छ। अर्थात् बितेका १४ वर्षमा यो खर्च १३१ प्रतिशतले बढेको छ।

***स्रोत : अमेरिकाको प्रजातन्त्र***



मानवीय राहतका सामग्री लिएर उत्तरी गाजातर्फ गइरहेका र त्यहाँका घाइते र बिरामी ओसारिरहेका रेड क्रेसेन्टद्वारा सञ्चालित एम्बुलेन्समाथि इजरायली मिसाइल हमलापछिको दृश्य अप्रिल १२, २०२४ का दिन । संयुक्त राष्ट्र सङ्घ, संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ), विश्व स्वास्थ्य सङ्गठन, रेड क्रेसेन्ट सोसाइटी, रेडक्रस सोसाइटीलगायतले इजरायलको उक्त गैरजिम्मेवार र रक्तपिपासु कारबाहीको निन्दा गरेका छन् ।

*तस्विर : टाइम्सफ गाजा*

# जापानको हरितगृह ग्यास उत्सर्जन कम

टोकियो, १ वैशाख (सिन्हवा) । जापानमा आर्थिक वर्ष सन् २०२२ मा हरितगृह ग्यास उत्सर्जनमा कमी आएको सरकारी तथ्याङ्कले देखाएको छ । यहाँको कार्बनडाइअक्साइड उत्सर्जनमा अपेक्षित कमी आएको अर्थात् एक हजार १३५ मिलियन टनको न्यून रेकर्डमा झरेको बताइएको छ ।

पर्यावरण मन्त्रालयले सन् १९९० मा यससम्बन्धी तथ्याङ्क सङ्कलन सुरू गरिएदेखि मार्च सन् २०२३ सम्मको एक वर्षको अवधिमा पहिलोपटक उत्सर्जनमा न्यूनता देखिएको हो । आर्थिक वर्ष २०२१ को तुलनामा यो उत्सर्जन मात्रा २.५ प्रतिशत वा २८.६ मिलियन टनले घटेको तथ्याङ्कमा उल्लेख छ ।

मन्त्रालयले कोभिड–१९ महामारीका कारण सङ्कटग्रस्त अर्थतन्त्रमा सुधारका लागि बढाइएका औद्योगिक गतिविधिका कारण आर्थिक वर्ष सन् २०२१ मा उत्सर्जन बढेको थियो तर हरित गृह उत्सर्जन नियन्त्रणका लागि निरन्तरको प्रयासपछि यसमा गिरावट आएको हो ।

व्यावसायिक र अन्य व्यापारिक प्रतिष्ठानहरूमा उत्सर्जनमा ४.७ प्रतिशतको गिरावटसँगै १७९ मिलियन टनमा झरेको र गत वर्षको तुलनामा उच्च तापक्रमबीचमा कम मागको कारण घरपरिवारबाट हुने उत्सर्जनमा १.४ प्रतिशतले कमी आई १५८ मिलियन टनमा झरेको देखिएको छ ।

यसैबीच, सवारी साधनलगायत यातायात क्षेत्रको उत्सर्जन ३.९ प्रतिशतले बढेर १९२ मिलियन टन पुगेको छ ।

आर्थिक वर्ष सन् २०३० सम्म जापान सरकारले सन् २०१३ को स्तरबाट ४६ प्रतिशतले उत्सर्जन घटाउने र सन् २०५० सम्म शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ ।

मन्त्रालयले सन् २०२२ मा सन् २०१३ को तुलनामा हरित गृह उत्सर्जनमा २२.९ प्रतिशतले कमी आएको जनाएको छ ।

# पाकिस्तानी विद्रोहीको आक्रमणमा ११ जनाको मृत्यु

क्वेटा (पाकिस्तान), १ वैशाख (एएफपी) । पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले ११ जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन् ।

स्थानीय समयअनुसार शुक्रबार राति ८ बजेतिर बलुचिस्तान प्रान्तको नौस्की शहरनजिकै छ जना बन्दुकधारीले एउटा बस रोकेर परिचयपत्र जाँच गरी पञ्जाबको पूर्वी क्षेत्रका नौ जना कामदारलाई अपहरण गरेको प्रहरीले जनाएको छ ।

स्थानीय प्रहरीका वरिष्ठ अधिकारी अल्लाह बख्शले एएफपीसँग भन्नुभयो, "राजमार्गबाट दुई किलोमिटर टाढा गोली लागेको अवस्थामा उनीहरूको शव फेला परेको थियो ।

आक्रमणकारीले पछि प्रान्तीय सांसदको कारलाई लक्षित गरी गोली चलाएको बख्शले बताउनुभयो । गोली चल्दा गाडीमा सांसद नरहेको बुझिएको छ । आक्रमणपछि कार सडक नजिकैको खाल्डोमा खस्दा दुई जनाको मृत्यु भएको हो ।"

नौश्की जिल्ला प्रशासनका वरिष्ठ अधिकारी हबिबुल्लाह मुसाखाइलले एएफपीसँग भन्नुभयो, "प्रहरी र अर्धसैनिक बलले आक्रमणकारीलाई पक्राउ गर्न त्यस क्षेत्रमा खोजी कार्य सुरु गरेका छन् तर आक्रमणकारीहरू यस पटक त्यस क्षेत्रबाट भाग्न सफल भएका छन् ।"

बख्शले बन्दुकधारीहरूले 'बलोच पृथकतावादीहरूको कार्यप्रणाली स्पष्ट रूपमा प्रयोग गरेको' र आक्रमणको पछाडि कसको हात थियो भन्ने पुष्टि गर्न अनुसन्धान सुरु गरिएको बताउनुभयो ।

पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादीहरूले दशकौं लामो विद्रोह गर्दै आएका छन् ।

लडाकूहरूले विगतमा पाकिस्तानका अन्य स्थानका जातीय पञ्जाबी र सिन्धीहरूलाई लक्षित गरेका थिए, साथै विदेशी ऊर्जा फर्महरूले यस क्षेत्रको धनको साझेदारी नगरी यस क्षेत्रको दोहन गरिरहेको उनीहरूको भनाइ छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले शुक्रबार राति भएको आक्रमणलाई 'आतङ्कवादको घटना' को संज्ञा दिँदै 'सहजकर्तालाई दण्डित गरिने' बताउनुभएको छ ।

गत वर्ष अक्टोबरमा बन्दुकधारीले निजी आवास निर्माण गरिरहेका छ जना पञ्जाबी मजदुरको हत्या गरेका थिए ।

गत महिनाको अन्त्यतिर यस क्षेत्रमा चीनको लगानीको आधारशिला मानिएको बन्दरगाहको कार्यालयमा आक्रमण गर्ने क्रममा आठ जना बलोच लडाकू मारिएका थिए ।

आक्रमणको क्रममा दुई जना पाकिस्तानी सैनिकको मृत्यु भएको सेनाको जनसम्पर्क शाखाले जनाएको छ ।

पाकिस्तानी सुरक्षा बल पृथकतावादीहरूको सबैभन्दा बढी निशानामा परेको छ । बलोच लडाकूले आफ्नो समुदायलाई उनीहरूको प्रतिरोधको बदलाको रूपमा गैरन्यायिक हत्या र बेपत्ता पार्ने गरेको दाबी गर्छन् ।

# सिड्नीको सपिङ मलमा भएको छुरा आक्रमणमा 'केही व्यक्ति' हताहत : प्रधानमन्त्री अल्बानिज

सिड्नी (अस्ट्रेलिया), १ वैशाख (एएफपी) । अस्ट्रेलियाको सिड्नीमा रहेको एउटा व्यवसायिक भवनभित्र मानिसहरूलाई आतङ्कित पार्ने गरी छुरा प्रहार भएको छ । उक्त घटनामा कम्तीमा पाँच जनाको मृत्यु भएको प्रहरी र स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

प्रधानमन्त्री एन्थोनी अल्बानिजले सपिङ मल (किनमेल केन्द्र) मा भएको आक्रमणमा 'केही व्यक्ति हताहत भएको' पुष्टि गर्नुभएको छ ।

त्यहाँ एक नौ महिनाको बच्चासहित कैयौँलाई छुरा प्रहार गरिएको प्रत्यक्षदर्शीले बताए ।

बोन्डी जक्शनस्थित वेस्टफिल्ड मलभित्र आक्रमणको घटनासँगै मानिसहरूको भागाभाग भएको र प्रहरीले घटनास्थललाई नियन्त्रणमा लिई व्यापक कारबाही गरेको छ । न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको जनाएको छ ।

घटनास्थलबाट मानिसहरू भागिरहेको देखिने खालका तस्बिर तथा भिडिओहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका छन् ।

प्रहरीले त्यहाँको समयअनुसार अपराह्न ४ बज्नै लाग्दा एक व्यक्तिलाई गोली हानिएपछि अवस्था संवेदनशील बनेको जनाएको छ ।

आक्रमणका घटनाहरू जारी रहेको भन्दै मानिसहरूलाई उक्त क्षेत्रतर्फ नजान भनिएको छ । उक्त क्षेत्रलाई खाली गरिएको छ भने घटनास्थलमा दर्जनौं एम्बुलेन्स र प्रहरीका गाडीहरू रहेका तस्बिरहरू सामाजिक सञ्जालमा पोस्ट गरिएका छन् ।

सामाजिक सञ्जालमा शेअर गरिएको भिडिओमा एकजना पुरुषले ठूलो खालको चक्कु लिएर आक्रमण गर्न खोजेको पनि देखाइएको छ ।

न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको छ ।

# उत्तरपश्चिम पाकिस्तानमा विस्फोट हुँदा तीन बालबालिकाको मृत्यु

इस्लामावाद, १ वैशाख (सिन्हवा) । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा भएको विस्फोटमा तीन बालबालिकाको मृत्यु हुनुका साथै एक जना घाइते भएको अधिकारीले बताएका छन् ।

दुर्घटना उत्तरी वजरिस्तानको आदिवासी समुदाय बहुल क्षेत्रमा बालबालिकाहरूले खेल्दा बारूदीसुरुङमा कुल्चिँदा घटना भएका स्थानीय प्रशासनले जनाएको छ ।

विस्फोटमा घाइते भएकामध्ये तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो । घाइते बालकलाई उपचारको लागि नजिकैको अस्पतालमा लगिएको छ ।

## विश्व सङ्क्षेप

# मस्कोमा युक्रेनी पूर्वसुरक्षा अधिकारी घाइते, किएभमाथि हत्या प्रयासको आरोप

मस्को, १ वैशाख (सिन्हवा) । मस्कोमा युक्रेनी पूर्व सुरक्षा अधिकारीलाई लक्षित गरी किएभले आक्रमण गरेको युक्रेनी सुरक्षा सेवा (एसबीयू) का पूर्व कर्मचारी भासिली प्रोजोरोभले आरोप लगाउनुभएको छ ।

मस्कोको उत्तरमा भएको कार विस्फोटमा उहाँ घाइते हुनुभएको हो । हत्या प्रयासमा युक्रेनी सम्लग्नता रहेको उल्लेख प्रोजोरोभलाई उद्धृत गर्दै राष्ट्रिय समाचार संस्था तासले गरेको छ ।

कोरोभिन्स्कोए राजमार्गमा शुक्रबार बिहान भएको गाडी विस्फोटमा प्रोजोरोभ घाइते हुनुभएको थियो भने विस्फोटमा नजिकैका धेरै कारहरू पनि क्षतिग्रस्त भएका छन् ।

सन् ११९९ देखि २०१८ सम्म, प्रोजोरोभ एसबीयूका कर्मचारी थिए । उहाँले आतङ्कवादी विरोधी केन्द्रको मुख्यालयमा एसबीयूको केन्द्रीय कार्यालयमा काम गर्नुभएको थियो ।

# राष्ट्रसङ्घीय मानवीय सहायताकर्मीद्वारा कङ्गोमा विस्थापितको बारेमा चिन्ता व्यक्त

संयुक्त राष्ट्रसङ्घ, १ वैशाख (सिन्हवा) : संयुक्त राष्ट्रसङ्घका मानवीय सहायताकर्मीहरूले पूर्वी लोकतान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी) हिंसाबाट गोमा तथा वरपर शरण लिइरहेका पाँच लाखभन्दा बढी विस्थापित व्यक्तिहरूको सुरक्षाका विषयमा चिन्ता व्यक्त गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले गोमा र वरपर विस्थापित मानिसहरूले सामना गर्ने अनिश्चित अवस्था र बढ्दो खतराहरूले चिन्ता बढाएको बताएको छ ।

उत्तरी किएभको मासिसी र रूत्सुरू क्षेत्रमा कङ्गोली सेना र सशस्त्र समूहबीचको झडपबाट भागेर पाँच लाखभन्दा बढी मानिसहरू वरपरका स्थानमा विस्थापितका रूपमा रहेको ओसिएचएले जनाएको छ । गत मार्चको सुरुदेखि गोमालगायतका स्थानमा गोलाबारी र आकस्मिक विस्फोटका घटनामा आठ जनाको मृत्यु भएको छ भने ३४ जना घाइते भएका छन् ।

पूर्णरूपमा विस्थापित मानिसहरूलाई बढ्दो जोखिममा पार्दै शिविरभित्र हतियारको उपस्थिति प्रयोगसमेत बढेको ओसिएचएले जनाएको छ ।

नागरिकहरूलाई नजोगाएको गुनासो गर्दै कङ्गो सरकारले देशमा तैनाथ संयुक्त राष्ट्रसङ्घीय अभियानका शान्ति रक्षकहरूलाई फिर्ता हुन आग्रह गरेको छ ।

# टोरोन्टोका प्रहरीमाथि छुरा आक्रमण

ओटावा, १ वैशाख (सिन्हवा) । क्यानडाको सबैभन्दा ठूलो शहर टोरन्टोमा शुक्रबार दिउँसो भएको विवादका क्रममा एक प्रहरी अधिकारीमाथि छुरा प्रहार भएको छ ।

टोरन्टो प्रहरीका अनुसार कलेज स्ट्रिट र ल्यान्सडाउन एभिन्यूको क्षेत्रमा रहेको एक व्यावसायिक भवनको पार्किङ स्थलमा स्थानीय समयअनुसार दिउँसो १:३३ बजे उक्त घटना भएको हो ।

सीटीभी न्यूजले प्राप्त गरेको भिडियोमा अधिकारीहरू पार्किङ गरिएका दुई कारको बीचमा भुइँमा आक्रमणकारी भनिएका एक व्यक्तिलाई नियन्त्रणमा लिन सङ्घर्ष गरिरहेको देखिन्छ ।

दुई सुरक्षा अधिकारीले आक्रमणकारीतर्फ आफ्नो हतियार ताकेको र त्यसको केही समयमा नै त्यो व्यक्ति भुइँमा ढलेको देख्न सकिन्छ ।

झडपमा घाइते प्रहरी र संदिग्ध दुवैको अवस्था स्थिर रहेको र अस्पतालमा उपचार भइरहेको छ ।

टोरन्टोका नगर प्रमुख ओलिभिया चाउका अनुसार यो हप्ता टोरन्टोका तीनजना प्रहरी अधिकारी घाइते भएका छन् । चाउले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, "हिंसा कदापि स्वीकार्य हुँदैन ।"

प्रहरीमाथिको आक्रमणपछि उक्त क्षेत्रका सडकहरू अवरुद्ध भएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नयाँ वर्षको अवसरमा सयौं कैदीबन्दी रिहा

कोलम्बो, १ वैशाख (एएफपी) । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले परम्परागत सिंहली र तमिल नयाँ वर्षको उपलक्ष्यमा शनिबार करिब ८०० दोषीलाई आममाफी दिनुभएको छ ।

यसअघि क्रिसमसको उपलक्ष्यमा श्रीलङ्कामा आचरणमा सुधार आएका एक हजार कैदीलाई रिहा गरिएको थियो भने नयाँ वर्षको उपलक्ष्यमा ७७९ कैदीबन्दीलाई आममाफी दिइएको हो ।

कारागारका एक अधिकारीले एएफपीलाई बताएअनुसार हालसालै भएको हिंसात्मक गतिविधिका कारण श्रीलङ्काको कारागारमा भीडभाड रहेकोमा सयौँ को सजाय माफी भएपछि कारागारभित्रको भीड कम भएको हो ।

शुक्रबारसम्म करिब ११ हजार कैदीबन्दी राख्न सक्ने गरी डिजाइन गरिएको श्रीलङ्काका कारागारमा करिब ३० हजार कैदीबन्दी रहेका थिए ।

श्रीलङ्काले नयाँ वर्षको अवसरमा लामो बिदा घोषणा गर्नुका साथै मङ्गलबारसम्म मदिरा बिक्रीमा प्रतिबन्ध लगाएको छ ।

# वागीश्वरी शिक्षालयको स्मारिका पढ्दा

**✍ विद्या**

आजभोलि शैक्षिक क्षेत्रमा एउटा राम्रो कामको थालनी भएको देखिन्छ। आधारभूत विद्यालय, मध्यामिक विद्यालय, कलेज र विश्वविद्यालयहरूले हरेक वर्षजसो नियमित आफ्नो शिक्षालयको वार्षिकोत्सवको अवसरमा, नयाँ वर्ष, दसैं वा अन्य अवसरमा संस्थाको स्मारिका, बुलेटिन र साहित्यिक वा अन्य पुस्तकहरू प्रकाशन गर्न थालेका छन्। यो प्रगतिको सूचक हो। यो प्रकाशन भनेका ती शैक्षिक संस्थाको शैक्षिक, भौतिक, सामाजिक विकासको दस्तावेज हो भने देशको शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक, कूटनीतिक, वैज्ञानिकलगायतका इतिहास र विकासका ऐना हुन्। ती प्रकाशकहरूले संस्था, देश र विश्वको शैक्षिकलगायतका हिजो र आजको अवस्था के-कस्तो थियो र छ, भोलि कुन रूपमा कसरी अगाडि बढ्नेछ भन्ने कुरा जनतालाई सूचित गराउने काम गर्दछ। यस्ता प्रकाशनहरूमा देशको शैक्षिक, राजनीतिकलगायतको क्षेत्रको विकासमा जीवन दिएका व्यक्तित्वका महत्त्वपूर्ण अनुभवहरू रचना लेख हुने हुँदा यसले देशको शैक्षिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक, वैज्ञानिक, प्राविधिक, कूटनीतिक, सामाजिक आदि क्षेत्रको उन्नयनको लागि बत्तीको काम गरिएको हुन्छ। त्यसैले ती प्रकाशनहरू सम्बन्धित शैक्षिकलगायतका अन्य संस्था र देशकै सम्पत्ति हुन्।

हालै वागीश्वरी माविको ६५ औं, कलेजको १६ औं र कलेज अफ म्यानेजमेन्टको प्रथम वार्षिकोत्सवको अवसरमा प्रकाशित 'वागीश्वरी स्मारिका' पढ्ने अवसर पाएँ। त्यसमा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ र प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको कलेज र विद्यालयको प्रगतिको प्रतिवेदन रहेका छन्।

स्मारिकाको सम्पादकीय पृष्ठ संस्थाको मूल पाठ वा दृष्टिकोण हो। यसमा शिक्षालयको प्रगतिको तथ्याङ्क, आरोह र अवरोहको इतिहास, देशबाट शैक्षिक संस्थान र विद्यार्थीहरू पलायन भइरहेको, शिक्षासँगको सरोकार राख्ने सबैजसो क्षेत्रमा कमी कमजोरी रहेको र त्यसको मुख्य कारण उनीहरूमा देशभक्ति भावनाको खडेरी भएको दृष्टान्त पाइन्छ। शिक्षक, प्रध्यापकहरूले विद्यार्थीहरूलाई बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्नसक्ने ज्ञान सीपयुक्त देशभक्त विद्यार्थी तयार गर्न चिन्तन गर्नुपर्ने र त्यसो भएन भने प्यालेस्टिनको उदाहरण दिँदै हाम्रो देश पनि एकदिन ध्वस्त पारिदिन सक्नेतर्फ खबरदारी गरिएको छ। त्यस्तो देशलाई सङ्कट परेको बेला प्रतिकार गर्न सक्ने भावी पुस्ता तयार गर्न सक्यौँ भने हामीले पछुताउनु नपर्ने र त्यसबेला हामी शिक्षक, प्राध्यापकहरूको देश र नेपाली माटोप्रति कर्तव्य पूरा भएको सन्देश सम्पादकीय पृष्ठमा पस्केको पाइन्छ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेंको 'भएका कलेजहरू खाली गराई विद्यार्थी विदेश पठाउने सरकारले १५० विश्वविद्यालयका उपकुलपतिको भेला अपसकुन होइन र ?' भन्ने शीर्षकको लेख छ। लेखमा नेपाल विकासशील तथा तेस्रो विश्वको एक सदस्य देश हो; हाम्रा माध्यमिक विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूलाई एक आदर्श समाजको निर्माण गर्ने र राज्यव्यवस्थामा आमूल परिवर्तन गर्न एक बारूदखानाको रूपमा रूपान्तरण गरिएको भए आज हाम्रो देशले आफ्नो भूगोल र संस्कृति सुहाउँदो एउटा बाटो अँगालिसकेको हुने विचार पाइन्छ।

सोही लेखमा आर्थिक परजीवी भएर समाजसँग लगानीको भिक्षा माग्दै हिँड्ने सरकारी दृष्टिकोण पूर्णरूपले खोटपूर्ण छ; आक्रामक र लुटाहासँग लगानीको भिक्षा माग्नु दोस्रो विश्वयुद्धसम्मको इतिहासलाई उल्टो हेर्नु हो। सुगौली सन्धिपछि अर्धउपनिवेश बनाउने बेलायती उपनिवेशवाद, संरा अमेरिका र नाटोको सदस्य देशहरूसँग भिक्षा माग्नु 'शत्रु र मित्र' नमिल्नु हो; आक्रामक र लुटाहासँग लगानीको भिख माग्नु देशको लागि खतरा हुने विचार पोखिएको छ।


लेखमा आफ्नो भएको आँखा चिम्लेर अरूको वैशाखी टेकी हिँड्न चाहने 'अभागी' व्यक्ति जस्तै देशलाई परनिर्भरतातर्फ शासकहरूले धकेल्ने काम गरेको, भएका कलेज र विश्वविद्यालयलाई खाली गर्ने नीति निर्माण नेपालीहरूले गरेको कसरी भन्ने ? तर यस्तो देशमा १५० विश्वविद्यालयका उपकूलपतिहरूको भेला आफैं गम्भीर अपसकुन साबित हुनेछ भन्ने आशङ्का र खबरदारी गरिएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको 'कला र संस्कृतिलाई नयाँ प्रविधिसँग जोड्ने आजको हाम्रो चुनौती' शीर्षकको लेखमा संसार आज डिजिटल युगमा प्रवेश गरिसकेको, सूचना प्रविधिको विकासले संसारको कुनै पनि ठाउँ अब टाढा नरहेको र विज्ञान र प्रविधिको विकासमा अगाडि बढेको देश आर्थिक र सांस्कृतिकरूपमा पनि अगाडि बढेको छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ। सन् १९४९ मा चीनमा समाजवादी क्रान्ति हुँदा एक अमेरिकी विदेश मन्त्रीले ५० करोड जनता भोकमरीमा रहेको बताएको देश चीनले कृषिमा आधुनिक प्रविधि तथा सूचना प्रविधिको विकास गरी ग्रामीण अर्थतन्त्र उकासेर छोटो समयावधिमै ७७ करोड जनतालाई गरिबीबाट मुक्त गरेको, आज एक अर्ब ४० करोडभन्दा बढी जनसङ्ख्या भएको देश चीन विश्वको दोस्रो अर्थ भएको देशको रूपमा विकास गर्न सफल भएको प्रसङ्ग पनि लेखमा उल्लेख छ। लेखमा भनिएको छ- भक्तपुर नगर देशकै साना नगरमध्ये एक हो। कला र संस्कृतिको दृष्टिले अत्यन्त सम्पन्न यस नगरलाई हाम्रा अग्रजहरूले ज्ञान विज्ञानको केन्द्र बनाउने घोषणा गरेअनुसार त्यसलाई पूरा गर्न शिशु स्याहार केन्द्रदेखि दुई ओटा इन्जिनियरिङ कलेजसहित आधा दर्जनभन्दा बढी शैक्षिक संस्थाहरू सञ्चालन गरेर देशभरका विद्यार्थीहरूलाई उच्च शिक्षा दिइरहेका छन्। नगरवासी विद्यार्थीहरूलाई इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा, अर्थशास्त्र, दर्शनशास्त्रलगायतका धेरै विषयहरूमा स्नातकदेखि विद्यावारिधिसम्म छात्रवृत्ति दिइरहेको छ। हाम्रो नयाँ पुस्ताले विस्तारै प्रविधिमैत्री बनेर हाम्रो कला-संस्कृतिको महत्त्वबारे विश्वका जनतालाई प्रचार प्रसार गर्दै छन् भन्ने भनाइ छ।

'समसामयिक शैक्षिक-राजनीतिक छलफल' शीर्षक दिइएको मन्तव्यमा वाग्मती प्रदेश सभासद् सुरेन्द्रराज गोसाईंले सामुदायिक शिक्षाको क्षेत्रमा एउटा नमुनाको रूपमा अगाडि बढिरहेको वागीश्वरी शिक्षालयलाई अझ जिउँदो जाग्दो बनाएर अगाडि लानु आवश्यक र चुनौती छ भन्ने सुझाव र सल्लाह दिएका छन्। उनले वागीश्वरी र अरू केही आशलाग्दो विद्यालयलाई जोगाउन सकेनौं भने बाँकी रहेको थोरै आशा पनि गुमाउने छौं भनेर चिन्ता व्यक्त गरेका छन्। उपलब्धि र सफलताको निम्ति हामी आफैं इमानदारीपूर्वक मेहेनत गरेर अगाडि बढ्नुको विकल्प छैन। सरकारसँग आशा गर्नु भनेको आकाशतिर आँखा चिम्लेर आँ गरेर बस्नु जस्तो हुनेछ भन्ने विचार पाइन्छ।

आज देश र विश्वमा अति योग्य र सक्षम शिक्षकको अभाव खट्केको चिन्ता व्यक्त गर्दै उनले भनेका छन्, "आज हामीकहाँ मात्र होइन संसारमै शिक्षकको अभाव छ। हाम्रो देशमा पनि त्यसको अभाव खट्केकै छ। तपाईंले कक्षाकोठामा भविष्यमा के बन्ने बाबु ? भन्दा म भोलि शिक्षक बनेर देशको सेवा गर्छु।" भन्ने विद्यार्थी पाउन हिजोआज कठिन छ। हाम्रो समाजमा देशभक्त शिक्षक बनेर समाजको, देशको सेवा गर्छु भन्ने भावनामा अत्यन्त ह्रास आइरहेको छ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक एवं यस विद्यालयका पूर्वविद्यार्थी रवीन्द्र ज्याख्वले 'महाकाली सन्धिको कालो रूप' शीर्षकको लेखमा २०५३ सालमा देशघाती




महाकाली सन्धिको विरोधमा राजधानीका सडकहरूमा आन्दोलन गर्दै गर्दाको देशभक्ति भावना सोही सालको माघ महिनामा महाकाली नदीमै पुगेर शारदा बाँध र टनकपुर बाँधको आफ्नै आँखाले प्रत्यक्ष हेर्दा आँसुसँगै आक्रोशको ज्वाला बनेर पोखिएको, भारतीय विस्तारवादको छलकपट र तत्कालीन नेपाल सरकारमा रहेका दल तथा प्रमुख प्रतिपक्षको जनविरोधी एवं देश बेच्ने ठुलो अपराधविरुद्ध कञ्चटको रौँ नै ठाडो भएको अनुभव पस्केका छन्। उनले भारतीय सीमा सुरक्षाकर्मीबाट त्यहाँ दुःखद, अपमानित, व्यवहार व्यहोरेको तीतो अनुभव सुनाउँदै भने, 'आफ्नै नेपाली भूमि अतिक्रमण गरेर भारतको फाइदाको लागि बनाएको टनकपुर बाँध पार गर्न, भारतीय पक्षले हामीलाई अनुमति दिएन। नेपाली बगरमै बसेर पृष्ठभूमिमा महाकालीको पानी र टनकपुर बाँध आउने गरी साथीहरूले फोटो खिच्न खोज्दा क्यामेराको रिलसमेत खोसेको तीतो यथार्थ घाउ बोकेर फर्केका थियौं।'

'सरकारको भर्ना अभियानबारे' लेखमा कलेज स्थापना समिति सदस्य एवं शिक्षक अनुराधा थापामगरले केही वर्ष अगाडि विद्यालय भर्ना अभियानको नाममा खोलामा नियमित सङ्लो पानी बगेजस्तै नभई एकपटक बाढीको फोहोर पानी पसेजस्तो हेलिकप्टर, मोटर सुरक्षाको लावालस्करसहित, मुगुको रारा पुगेका पूर्वप्रम एवं एमाले अध्यक्ष केपी ओलीले भर्नाको लागि उनी सम्बन्धित विद्यालय जान नभ्याएर बालकका अभिभावकलाई नै उनको हजुरमा झिकाइएको तीतो यथार्थ पस्केका छन्। त्यसैसँग काठमाडौँमा रहेका उनका उपप्रधानमन्त्री, मन्त्री, राष्ट्रियसभाका अध्यक्ष, उपाध्यक्ष, सभामुखलगायत प्रदेशका मुख्य मन्त्रीहरूले समेत आ-आफ्नो गृह जिल्ला पुगी भर्ना अभियान वर्षको एकपटक श्राद्ध गरेजस्तै तामझामका साथ सम्पन्न गरेको पनि लेखमा उल्लेख छ। यस्तो अभियानले देशको बहुसङ्ख्यक काम गरी खाने जनताका छोराछोरीलाई छुन सक्नेछैन।

लेखमा भनिएको छ, अहिले पनि माना-छाना-नानाको समस्यामा कष्टसाध्य जीवन बिताउन विवश गरिब नेपालीलाई यो अभियानले सरकारको आकाशको फल वा गाईजात्रे पाराबाहेक केही लाग्ने छैन। विद्यालय जान तुइनमा झुन्डिन बाध्य कतिपय विद्यार्थीहरू भेरी, कर्णालीको गहिराइमा जीवन अर्पण गर्न विवश छन्। बिहान झिसमिसेमै उठेर ढिँडो, मकै र नुन खुर्सानी पोको पारी बाटोमा खाँदै विद्यालयमा पुग्नुपर्ने कतिपय बालबालिकाको कारूणिक अवस्थालाई आजसम्मका सरकारहरूले बेवास्ता गरेका छैनन्। कतिपय विद्यार्थी आसिनपासिन हुँदै विद्यालय पुग्छन् तर न बस्ने गतिलो ठाउँ हुन्छ, न त पढाउने दक्ष, योग्य र सक्षम शिक्षक नै छ। भौतिक संरचना र शैक्षिक सामग्री त एकादेशको कथा नै भयो। घरमा माना नभएका स्कूलमा छाना नभएका कलिला बालबालिकाको भविष्य हाम्रो शिक्षाले पनि सुधार्न सक्थ्यो तर सरकार चलाउने दलहरूलाई यसको कुनै चिन्ता छैन।

लेखक समाले वैचारिक लडाइँबारे बुझ्न सघाउने पुस्तक 'The new intellectual'ले पाठकलाई वैचारिक खुराक दिने विश्वास गरेका छन्। विश्वमा विचारको सङ्घर्ष, लडाइँ, इतिहासदेखि चालु छ। यसले नै मानव समाजको विकास क्रमशः सम्भव भएको हो। कुनै पनि समाज व्यवस्था या राजनीतिक व्यवस्थाको आधारशिला वर्गीय विचारको सङ्घर्ष नै हो भन्दा अतिशयोक्ति नहोला। मानव समाजको विकासको वैचारिक प्रवाहमाथि पूर्णविराम सम्भव छैन। बुद्धिजीवीहरू पनि वर्गमा विभाजित हुन्छन्। बुद्धिजीवीहरू कुन वर्गका निम्ति कस्तो समाज अवस्थाको निम्ति चिन्ता गर्छन्, काम गर्छन् भन्ने प्रश्न महत्त्वपूर्ण हुने कुरा उल्लेख गरिएको छ।

लेखमा भनिएको छ, मार्क्सवादको जन्म आफैँमा समाज विकासको उत्कृष्ट उपलब्धि मानिन्छ। त्यही विचारले युरोपमा मजदुर आन्दोलनहरू उठायो। फ्रान्स, बेलायतलगायतका देशहरूमा विद्यमान शोषणको समाज व्यवस्थालाई टुक्राउने नयाँ मार्गप्रशस्त गऱ्यो। पेरिस कम्युन हुँदै रुसी अक्टोबर समाजवादी क्रान्तिको बाटो नै बन्यो मार्क्सवाद। सोभियत सङ्घको निर्माण मानव सभ्यताकै उत्कृष्ट अवधि भएको मूल्याङ्कन इतिहासले गरिसकेको छ। विचारविचको लडाइँबाट नयाँ, विवेक, समाज, व्यवस्थाको जन्म हुने विचार लेखक समाले उक्त लेखमा पस्केका छन्।

पत्रकार एवं विद्यालयका पूर्वशिक्षक विष्णुगोपाल कुसीले 'पत्रकारिता र राजनीति' विषयको लेखमा वास्तविक पत्रकार र पत्रकारको भेदबारे उल्लेख गर्दै कतिपय पत्रकारहरूले पत्रकारको काम पत्रकारिता मात्र गर्नु हो तर राजनीति गर्नु होइन भन्छन्। यो आफैं राजनीति हो भनिएको उल्लेख छ। लेखमा भनिएको छ, सबै कनिष्ठ वा वरिष्ठ पत्रकारहरू नै प्रत्यक्ष वा अप्रत्यक्षरूपमा चाल पाइकन वा नपाइकन आफ्नो हरेक बोली, लेखन, विचार र गतिविधिमा राजनीति भिजिरहेका हुन्छन्। एउटा साधारण खेताला, मजदुर, शिक्षक, कवि, कलाकार, गायक-गायिका, नायक-नायिका, उद्योगी, व्यापारी, कर्मचारी, सेना, प्रहरी या अन्य व्यक्ति पनि राजनीतिबाट प्रभावित भइरहेका हुन्छन्। उनीहरूले थाहा हुनु र नहुनु, चाल पाउनु र नपाउनु मात्र फरक हुन्छ। तर, मानिस राजनीतिक प्राणी भएको हुँदा राजनीतिबाट कोही अछुट वा अलग रहन सक्दैन। हरेक दिन राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, खेलकुद, प्रशासनिक क्षेत्रमा भिजिरहने पत्रकार कसरी राजनीतिबाट अलग हुन्छन् भनी प्रश्न गर्दै राजनीति शोषक र शोषित वर्गमा विभाजित भएजस्तै पत्रकार र पत्रकारिता पनि त्यसरी नै वर्गमा विभाजित हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्।

लेखक जोरालले 'पुलिसभन्दा चोर बाठा !' शीर्षकको लेखमा पुलिसभन्दा चोरहरू बाठा भएका थुप्रै घटनाहरू सुनेको उल्लेख गर्दै भ्रष्टाचार गर्नेहरूले रकम वा जिन्सी सोझै नलिई बिचौलियामार्फत लिनु, लागूपदार्थ, सुन आदि तस्करी गर्नेहरूले प्रहरीको आँखा छल्न विभिन्न उपाय अपनाउनु, चेलीबेटी बेचबिखन गर्नेहरूले विवादको नाटक मञ्चन गरेर विदेश लानु, म्यानपावर कम्पनीहरूले दोस्रो, तेस्रो मुलुक पुऱ्याउँदै गन्तव्यमा पठाउनु, कालाबजारियाहरूले पछाडिको ढोकाबाट बेच्नु र खाद्यान्नमा विभिन्न अखाद्यवस्तु मिसावट गर्नु, कमिसनखोरहरूले कमिसन ऋणको रूपमा लिनु आदि पुलिसभन्दा चोर अपराधी बाठो भएका उदाहरणहरू पेस गरेका छन्। त्यस्तै घटना भ्रष्ट कर्मचारी, अनियमित र गैरन्यायिक फैसला गर्ने न्यायाधीश आदिले पनि गर्न थालेका कुरा उल्लेख गरिएको छ। त्यस्ता चोर अपराधी कर्मचारीहरू उजुरी परेपछि कारबाही गर्ने सङ्केत देखिएपछि कारबाहीबाट बच्न राजीनामा दिन्छन्; त्यसरी राजीनामा दिदा चोर, भ्रष्टाचारी, अपराधी, भए तापनि जनताको आँखामा इमानदारी, नैतिकवान देखिने, पेन्सन र सुविधा पनि पाइरहने तर बर्खास्त गरिएमा त्यो सबै स्वाहा हुने र सात पुस्तालाई पुग्ने गरी कालो सम्पत्ति आर्जन गरेपछि त्यो नाथे जागिरको के माया ? भनी विभिन्न तरिकाले अपराध गर्ने भ्रष्ट कर्मचारीका कर्तुतहरूलाई उदाङ्ग्याइका प्रसङ्ग लेखमा पाइन्छ।

पूर्वशिक्षक ज्ञानसागर प्रजापतिले 'विद्यालय शिक्षा विधेयकमाथि नेक्राशिसङ्घको संशोधन प्रस्ताव एक चर्चा' शीर्षकको लेखमा नेपाल मजदुर किसान पार्टीको पेसागत सङ्गठन नेपाल क्रान्तिकारी सङ्घले नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालमार्फत विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० माथि गहन एवं व्यापक छलफल गरी ७८ बुँदा संशोधन एवं सुझाव दिएको उल्लेख गरेका छन्। लेखमा उत्पादन श्रमसँग जोडिएको शिक्षा प्रदान गर्न व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने, राष्ट्रिय बजेटको २४ प्रतिशत रकम शिक्षाको लागि बजेट छुट्याउनुपर्ने, देशको शैक्षिक स्तरलाई उठाउन विश्वविद्यालयको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा नियुक्त गरी अन्य पेसामा भन्दा २५ प्रतिशत थप पारिश्रमिक र सुविधाको व्यवस्था गर्नुपर्ने, सङ्घीय लोकतान्त्रिक, गणतान्त्रिक व्यवस्थाले फालिसकेको पञ्चायतको अवशेष जिल्ला शिक्षा कार्यालयलाई पुनः ब्युँताउन खोजिएकोमा त्यसलाई सङ्घीयता अनुकूल स्थानीय सरकारअन्तर्गत पालिका शिक्षा शाखा राख्नुपर्ने आदि सुझावहरू दिइएको पाइन्छ।

'शिक्षकले राजनीति गर्नुहुन्न भन्नु प्रतिगामी कदम' विषयको सिम्रिकको लेखमा शिक्षकको देशभक्ति राजनीतिबाट, आन्दोलनबाट पञ्चायत ढल्यो, प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र आयो, देशभक्त शिक्षकको पढाइ र राजनीतिले नै देश बचाउने देशभक्त इन्जिनियर, डाक्टर, विद्यार्थी, कर्मचारी, युवा, मजदुर, किसान, सेना, प्रहरी आदि बन्ने हुन्। के देशभक्त शिक्षक, प्राध्यापकका पढाइ र राजनीतिले नै हिजो भीमसेन थापा, भक्तिथापा, अमरसिंह थापा, बलभद्र कुँवरजस्ता वीर योद्धाहरू, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज जोशीजस्ता वीर सहिदहरू जन्मेका, जन्माइएका होइन र ? भनी भन्ने प्रश्न आजसम्मका शासकहरू र शिक्षामन्त्रीहरूलाई गरेका छन्।

मानिस उमेरले होइन, विचारले युवा हुने विचार राख्ने प्रा.डा. सिद्धिवीर कर्माचार्यले अवकाशपछिको जीवन रचनात्मक काम गरेर मज्जाको जीवन बिताइरहेको, विद्यालय व्यवस्थापन समिति सदस्य एवं पूर्वशिक्षक चन्द्रबहादुर उलकको 'बेकारी युवा' शीर्षकको मार्मिक कविता, ई.रामबिन्दु श्रेष्ठको सोभियत समाजवादी शिक्षा प्रणाली, उपप्राध्यापक विकल प्रजापतिको लोकयात्रा कथा, शिक्षक इन्द्रबहादुर श्रेष्ठको असल विद्यार्थीका गुणहरू, शिक्षकहरू राजन फेलुको अङ्ग्रेजीमा शैक्षिक स्तर उठाउने पाँच उपायहरू, भानुभक्त हुमागाईंको अङ्ग्रेजीमै भविष्यको नेतृत्व निर्माणमा उत्तरदायी अभिभावकत्वको सार, विश्वराम प्रजापतिको भक्तपुर नगरका ढुङ्गे धाराहरूबारे एक अध्ययन, पीयूषराज गोसाईंको अङ्ग्रेजीमै गणितले कसरी सिकाउँछ ? धनेशराज र ाजोपाध्याय, मङ्गलेश्वर ध्वँजुको वागीश्वरीका शैक्षिक गतिविधिहरू, रत्नशोभा फैजू, अमर प्रजापति, कुलप्रसाद न्यौपाने, अर्चना छुकाँ, श्रीकृष्ण पुरी, रेणु प्रजापति आदिका लेख रचनाले स्मारिकाको बजन बढाएको पाइन्छ।

यसरी वागीश्वरी शैक्षिक समूह/शिक्षालयले स्मारिकामार्फत देशको राजनीतिक, प्रशासनिक लगायतका अवस्थालाई उकास्न बत्तीको काम गरेको छ। आगामी वर्षहरूमा पनि बोझिलो स्मारिका पुस्तककालागि निरन्तर प्रकाशन गर्ने आशा गर्दछ।

# २०८० मा स्वास्थ्य: कलेजो प्रत्यारोपणदेखि चिकित्सा शिक्षा आयोगको प्रतिवेदनसम्म

काठमाडौँ, १ वैशाख (रासस)। २०८० को वर्षान्ततिर चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक भयो। यसअघि सरकारले सार्वजनिक नगरेको प्रतिवेदन ६ वर्षपछि शिक्षामन्त्री सुमना श्रेष्ठले सार्वजनिक गर्नुभएको हो। चिकित्सा शिक्षाअन्तर्गत भर्ना, सम्बन्धन, शुल्क र गुणस्तरका विषयमा अनियमितता छानबिन गर्न सरकारले २०७४ वैशाख ४ मा आयोग गठन गरेको थियो। आयोगले ४२ जनालाई कारबाही सिफारिस गरेको छ।

योसहित २०८० मा स्वास्थ्य क्षेत्रमा धेरै उपलब्धि देखिएका छन्, यद्यपि सुधार गनुपर्ने उत्तिकै छन्। स्वास्थ्य क्षेत्रको अर्को उपलब्धि भनेको क्यान्सर रोगको उपचारका लागि नि:शुल्क औषधिबारे सहमति हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र सेन्ट ज्युड चिल्ड्रेन रिसर्च इन्सिच्युटबिच बालबालिकामा हुने क्यान्सरको औषधि उपलब्ध गराउने सहमति भएको छ। सहमतिअनुसार आगामी चार वर्षसम्म ३५ प्रकारका औषधि नि:शुल्क दिइने भएको छ। नेपालमा हरेक वर्ष करिब नौ सय बालबालिकामा क्यान्सर पहिचान हुने गर्छ, जसमा सीमितले मात्र उपचार पाउने गरेका छन्। चिकित्सकका अनुसार नेपालमा बालबालिकालाई रगत, आँखा, कलेजो, हड्डी र मांसपेशीको क्यान्सर बढी हुने गरेको छ।

सरकारले पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ'को दायरा बढाउन नसके पनि यो वर्ष नेपालमा ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ' गरिएको छ।

पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन ३० देखि ४९ वर्ष उमेर समूहका महिलामा 'स्क्रिनिङ' गर्ने कार्यक्रम सरकारको प्राथमिकतामा छ। ढिलै भए पनि पाठेघरको मुखको क्यान्सर हुने जोखिमलाई घटाउन एचपीभी खोप सरकारले यो वर्षदेखि लगाउन थालेको छ। पाठेघरको मुखको क्यान्सरविरूद्धको खोप 'पाइलटिङ' भदौ २७ गते परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीबाट सुरू भयो। सरकारले १४ वर्ष पुगेका र १५ वर्ष ननाघेका किशोरीलाई लक्षित गरी खोप दिने योजना ल्याएको थियो। खोप थोरै भएकाले यो वर्ष सात जिल्लामा मात्र दिइएको छ। आगामी वर्ष देशैभरिका किशोरीलाई खोप दिइने सरकारको योजना छ।

# बिस्केटको लिङ्गो ढाल्ने जात्रा सम्पन्न

भक्तपुर, १ वैशाख (रासस)। नयाँ वर्षको अवसरमा भक्तपुरमा आठ दिन नौ रातसम्म भव्यरूपमा मनाइने विश्व प्रसिद्ध बिस्का: जात्रा अर्थात् बिस्केट जात्रा हेर्न मानव सागर उर्लिएको छ।

वैशाख १ गते ल्यासिंखेलमा उठाउने अष्टमात्रिका गणसहित लिङ्गो जात्रा हेर्न भक्तपुरलगायत उपत्यकाका विभिन्न ठाउँबाट हजारौँ मानिस जात्रा हेर्न आएका हुन्।

बिहानैदेखि चुपिन घाटमा स्नान थरेर ल्यासिंखेलमा दर्शन गर्न आउने भीड लागेको छ। भक्तपुरको बिस्का:अर्थात् बिस्केट जात्राअन्तर्गत चौथो दिन वा वर्षको अन्तिम दिन ३० गते भक्तपुर नगरपालिका- ५ योसिंखेलमा साँझ लिङ्गो उठाएर नयाँ वर्ष अर्थात् वैशाख १ गते दिनभरि जात्रा गरी साँझ ढाल्ने परम्परा रहँदैआएको छ। चैत ३० गते साँझ ७ बजेर ३० मिनेटमा हजारौँ व्यक्तिको अगाडि यहाँका बासिन्दाले ५५ हात लामो योसिङ द्य: अर्थात् लिङ्गो उठाएकोमा आज दिनभर जात्रा गरेर साँझ विधिपूर्वक पूजा गरी तान्त्रिक विधि पुऱ्याएर लिङ्गो ढालेको छ।

पचपन्न हात लामो लिङ्गो ठड्याउनुअघि लिङ्गोको कोखा (टुप्पो) मा नाग र नागिनीको प्रतीकस्वरूप दुईवटा ध्वजा बाँधेर अष्टमात्रिकाका प्रतीक आठ वटा डोरीले तानेर उक्त लिङ्गो उठाउने प्रचलन छ।

लिच्छवीकालदेखि बिस्केट जात्राको चार दिन अगाडि भैरव र भद्रकालीको रथयात्रा गरी मनाउन सुरू गरिएको यो जात्रा भक्तपुरवासीले नौ दिन आठरातसम्म मनाउने गर्दछन्। परापूर्वकालदेखि चलिआएको विश्व प्रसिद्ध जात्रा बिस्केटअर्थात् 'सर्प मारियो' भन्ने अर्थमा नेवार समुदायमा मनाइने गरिन्छ। ग:हिटीमा रहेको भैरवलाई बली चढाई गुठी संस्थानद्वारा सरकारी पूजा गरेपछि भैरव र भद्रकालीको रथलाई भेलुखेल पुऱ्याउनेबित्तिकै ५५ हात लामो इन्द्रध्वजासहितको लिङ्गो उभ्याउने परम्परा छ।

लिङ्गो ढालेपछि ल्योसिङखेलबाट भैरवनाथको रथ ग:हिटीमा ल्याएर भैरवनाथ र भद्रकालीको रथ जुधाइने प्रचलन छ। भैरव र भद्रकाली देवदेवीको समागम जात्रा भनेर चिनिने सो जात्रालाई स्थानीय भाषामा 'द्यो ल्वाकिगु' भनिन्छ।

जात्रामा रथ जुधाउनुअघि बेताल देवतालाई ग:हिटीमा ल्याएपछि इयालबाट कुखुरा दिई बलि चढाएर रथ जुधाउने परम्परा छ। भैरवनाथ र भद्रकालीको रथ जुधाउने जात्रा सम्पन्न भएपछि ती दुवै देवदेवीको पूजा गरिने परम्परा छ। विक्रम संवत्अनुसार सौरमासको आधारमा मनाइने बिस्केट जात्रा बि:सीत अर्थात् नागनागिन मऱ्यो भन्ने भावका आधारमा लिच्छविकालदेखि मनाइँदै आएको संस्कृतविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको भनाइ छ। इतिहासविद्का अनुसार किरात शासकले शासन गर्दै आएको प्राचीन नेपाललाई जितेको खुशियालीमा लिच्छवि शासकले विजयी ध्वजासहित बिस्का जात्रा मनाइएको जनश्रुति छ।

# दैलेखमा शुभकामना कार्यक्रम

दैलेख, १ वैशाख। नेपाल मजदुर किसान पार्टी आठबिस नगर समितिको आयोजनामा तिलेपाटामा नयाँ वर्षको अवसरमा शुभकामना कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपा आठबिस नगर समितिका अध्यक्ष जयबहादुर बडुवालले नेका, एमाले र माओवादी पटक पटक सरकारमा गए पनि कामदार जनताको पक्षमा काम नगरेको हुँदा देश झन् झन परनिर्भर हुँदै गएको बताउनुभयो।

देशमा युवाविहीन हुँदै जानुमा शासक पार्टीहरू दोषी रहेको उहाँले स्पष्ट पार्नुभयो।

कार्यक्रममा रामबहादुर बडुवाल, कृष्ण सिजापति, नवीन सिजापतिलगायतले बोल्नुभएको थियो।

*समाजवादी...*

नगरेमा समूहबाट अलग गर्नु आवश्यक हुन्छ अन्यथा एउटा कुहेको माछाले पोखरी नै गन्हाउने परिणाम समाजले व्यहोर्नुपर्नेछ।

समाज र बहुमतलाई अस्वीकार गर्ने वर्गलाई ध्यान दिई र निश्चित जातजाति र भाषाभाषीलाई प्राथमिकता दिँदा अनेक समाजवादी समाजहरूमा पनि जातीय भेदभाव देखिएको थियो।

त्यसैको परिणामस्वरूप देशमै पुँजीवादको पुन:स्थापना गर्न वर्ग शत्रु र साम्राज्यवादी सक्षम भएका थिए।

*-'श्रमिक' साप्ताहिकबाट*

# तेस्रो त्रैमाससम्म पुँजीगत खर्च ३२ प्रतिशतमात्रै

काठमाडौँ, १ वैशाख। चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमास अवधिसम्ममा पुँजीगत खर्च निकै कम देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्ममा ३२ दशमलव २४ प्रतिशतमात्रै पुँजीगत खर्च भएको छ।

चालु आवका लागि पुँजीगत शीर्षकमा रू. तीन खर्ब दुई अर्ब सात करोड ४४ विनियोजन भएकामा चैत मसान्तसम्मको नौ महिनामा रू. ९७ अर्ब ३७ करोड ७४ लाख बराबर खर्च भएको छ।

चालु आवका लागि सरकारले कुल रू. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट विनियोजन गरेको थियो। हालसम्मको कुल बजेट खर्च वार्षिक विनियोजनको ५१ दशमलव ९३ प्रतिशत अर्थात् रू. नौ खर्ब नौ अर्ब ३९ करोड १४ लाख बराबर रहेको छ।

चालुगत शीर्षकमा रू. ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन भएकामा हालसम्म ५६ दशमलव ४१ प्रतिशत अर्थात् रू. ६ खर्ब ४४ अर्ब दुई करोड ५४ लाख बराबर खर्च भएको छ। त्यसैगरी वित्तीय व्यवस्था शीर्षकका रू. तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकामा ५४ दशमलव ६४ अर्थात् रू. एक खर्ब ६७ अर्ब ९८ करोड ८६ लाख खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

बजेट खर्चमा मात्र नभई राजस्व सङ्कलनको अवस्था पनि कमजोर देखिएको छ। चालु आवका लागि कुल रू. १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व सङ्कलन गर्ने सरकारी लक्ष्य छ।

चैत मसान्तसम्ममा वार्षिक लक्ष्यको ५२ दशमलव पाँच प्रतिशत अर्थात् रू. सात खर्ब ७३ अर्ब तीन करोड ६६ लाख असुली भएको छ। जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ५१ दशमलव ४१ प्रतिशत अर्थात् रू. ६ खर्ब ७१ अर्ब ११ करोड ५६ लाख र गैरकरतर्फ ६५ दशमलव ७१ प्रतिशत अर्थात् रू. ७६ अर्ब ९२ करोड ५६ लाख बराबर सङ्कलन भएको छ।

चालु आवका लागि सरकारले रू. ४९ अर्ब ९४ करोड ३० लाख बराबरको वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रू. दुई अर्ब ७५ करोड ८० लाख बराबर अनुदान लिइएको छ।


## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा:
- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## हार्दिक समवेदना



जन्म
१९८७/०१/१०

निधन
२०८०/१२/२४

यस विद्यालयका चालक प्रमुख कृष्णप्रसाद कुस्माकी ममतामयी माता **पंचमाया कुस्मा**को असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ। यस दु:खद घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**जेस संस्थापक बोर्ड तथा विद्यालय परिवार**

जेन्यूइन स्कूल, देकोचा, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजख★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा